मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



पृष्ठ ८ मा

वर्ष १ | अंक ८५ | २०७९ साल माघ १९ गते बिहिवार | Thursday 2, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# मन्त्रालयहरु सार्ने योजनामा सरकार

## यसअघिको सरकारले जचुकालिको जग्गा हस्तान्तरण सहित संघसँग ५ अर्ब मागेको थियो



मधेशदृष्टि
जनकपुरधाम, १८ माघ । मधेश सरकारका मन्त्रालय तथा आवासहरु जनकपुरधामबाट सार्ने मनस्थितिमा प्रदेशका मन्त्रीहरु रहेका छन् ।

हाल प्रदेश सरकारका मन्त्रालयहरु जनकपुर चुरोट कारखाना लिमिटेडको जग्गामा रहेको भवनमा संचालित रहेका छ । सो जग्गा उद्योग क्षेत्रको रहेकाले यसलाई जनकपुरधामबाट बाहिर सार्नुपर्ने मुख्यमन्त्री सरोजकुमार यादव र भौतिक पुर्वाधार विकास मन्त्री सरोज यादवले योजना अघि सारेको छ ।

मधेशदृष्टिसँग कुरा गर्दै मुख्यमन्त्री यादवले भने हाल प्रदेश सरकार मन्त्रालयहरु रहेका जग्गा उद्योग क्षेत्रको रहेकाले यसमा उद्योग सञ्चालन गर्न यहाँबाट मन्त्रालयहरु अन्तै सार्ने योजना आफ्नो रहेको बताए । उनले भने यहाँ उद्योग सञ्चालन भए बेरोजगारी समस्या समाधान हुनुका साथै आर्थिक विकास समेत हुनेछ । कुन ठाउँमा मन्त्रालयका कार्यालयहरु सार्ने भन्ने जिज्ञासामा उनले भने पछिल्लो सरकारले गठन गरेका प्रदेशका प्रशासनिक कार्यालयका भवन तथा आवास निर्माण अध्ययन समितिले प्रतिवेदनमा उल्लेख गरेका जग्गाहरुको अनुगमन गरेपछि मात्रै निर्णय गर्छौं कहाँ सार्ने हो ।

यसैबीच भौतिक पुर्वाधार विकास मन्त्री सरोज यादव समेत एक सञ्चारमाध्यमसँग कुरा गर्दै जहाँ हामी अहिले बसिरहेका छौं, त्यो जनकपुर चुरोट कारखाना लिमिटेडको क्वाटर थियो । यो क्षेत्र हामीले अविलम्ब छोड्नुपर्छ भनेर मैले अस्ति नै प्रस्ताव राखिसकेको बताएका थिए ।

यहाँ उद्योग नै स्थापना गर्नुपर्छ । हाम्रो सदन वा क्वार्टर अरू नै ठाउँमा बनाउंछौं । यसबाट मधेशका अधिकांश बेरोजगार जनताले रोजगार र सेवा पाएर लाभान्वित हुनेछन् । बन्द उद्योग खुलुन्, बन्द भएका कलकारखाना खुलुन् भन्ने विषयमा सबै एकमत रहेको उनले दाबी गरेका छन् । उनले भने यस विषयमा सङ्कल्प प्रस्ताव पनि पारित गर्ने तयारीमा छु । त्यसैले केही दिन भाडामै बसेर, घरबाटै मन्त्रालय आउजाउ गरेर भए पनि उद्योग सञ्चालन वा चुरोट कारखाना पुनः सञ्चालना ल्याउने छौं । अघिल्लो सरकारले पनि मन्त्रालयको व्यवस्थापन पनि गर्न सकेन । मैरै मन्त्रालयको नेतृत्वमा प्रदेश सभाका भवन, सचिवालयका भवन, संसद् भवन, प्रदेश सभाका मन्त्रीहरूको प्रशासनिक भवन वा प्रदेश सभाको मन्त्रीहरूका लागि आवासीय भवन निर्माणको परियोजना लिएर संघीय सरकारसमक्ष धाइरहेको छु । यो उद्योग प्रदेश सरकारले नै आफ्नो मातहतमा सञ्चालनमा ल्याउँछ ।

अध्ययन समितिको प्रतिवेदन पश्चात पूर्वमुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा मन्त्रिपरिषद्का टोलीले पुर्व प्रधानमन्त्री शेरबहादुर देउवासँग प्रदेशका मन्त्रालयहरु रहेका जचुकालिका जग्गा हस्तान्तरण र नयाँ संरचना निर्माणका लागि ५ अर्ब रुपैया उपलब्ध गराई दिन आग्रह गरेका थियो । जचुकालिको जग्गामा थप भवन निर्माणका लागि पछिल्लो प्रदेश सरकारले डिपीआरमा लाखौ रुपैया खर्च समेत गरिसकेको छ ।

यसअघि प्रदेश सरकार मन्त्रालय तथा प्रशासनिक भवनसहितका स्थायी भौतिक संरचना निर्माणका लागि जग्गा खोजीदेखि प्राविधिकसहित बजेट स्रोत व्यवस्थापनसम्म जिम्मेवारी सहित भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको हो ।

प्रदेश सरकारको प्रशासनिक भवन, आवास भवन र मातहतका कार्यालयको स्थायी संरचना निर्माणका लागि जग्गाको खोजी गरी अध्ययन प्रतिवेदन तयार गर्न प्रदेशका मालपोत र नापी कार्यालयहरुबाट ५ विग्घाभन्दा

- बाँकी पृष्ठ ६ मा

मन्त्री साह विमानस्थलको जग्गा बाँड्दै

# कथित सुकुम्बासी जग्गाको निस्सा बाँड्नु कानून विपरित रहेको आरोप



घडेरी २ कट्ठा र खेती योग्य ६ कट्ठा सहित प्रति परिवार ८ कट्ठाको दरले निस्सा वितरण ।

मधेशदृष्टि
बारा, १८ माघ । सस्तो लोकप्रियता कमाउन कृषि तथा पशुपक्षी विकास मन्त्री ज्वालाकुमारी साहले राष्ट्रिय गौरवको आयोजनाको रुपमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको जग्गा कानून विपरित सुकुम्बासी भनिएकाहरुलाई वितरण गर्न थालेका छन् ।

सुकुम्बासी भनिएकाहरुले टंगिया भन्ने स्थान रहेका विमानस्थलको जग्गा अतिक्रमण गरी बसोबास गर्दै आएका थिए । मन्त्री साहले आफ्नो क्षेत्राधिकार मिचेर विमानस्थलको जग्गाका अतिक्रमण गरेर बसेकाहरुलाई जग्गाको निस्सा वितरण कार्य शुरु गरेकी छिन् ।

सरोकारवाला निकायलाई जानकारी नै नगराई मन्त्री साहले स्थानीय तहसँग मिलेर विमानस्थलको जग्गामा अतिक्रमण गरी बसोबास गर्ने स्थानीयहरूलाई सस्तो लोकप्रियताका लागि विमानस्थलको जग्गा प्रमाणपत्र वितरण गर्न लागेको सरोकारवाला निकायहरुले आरोप लगाएका छन् ।

गएको शनिबार मन्त्री साहले ३ सय घरधुरीलाई जग्गाको निस्सा बाँडिसकेकी छिन् । निस्सा बाँड्दै मन्त्री साहले ६ महिनाभित्र टाँगियावस्तीमा बसोबास गर्नेहरुको लालपुर्जा समेत चलनचल्तीमा ल्याउने प्रतिबद्धता जनाएकी थिइन् । 'अहिले निस्सा वितरण गरेर जग्गा दिने अधिकार सुनिश्चित बनाएका छौं, अबको ६ महिना भित्र जग्गाको लालपुजा दिने छौ भनी उनले प्रतिबद्धता जनाईन ।

जितपुरसीमरा उपमहानगर वडा नं १६ को वडा कार्यालयसहित मन्त्रीको सक्रियतामा टाँगियावस्तीमा बसोबास गर्ने १ हजार ६६५ घरधुरीलाई शनिवारदेखि अव्यवस्थित तथा सुकुम्बासीको नाममा जग्गाको निस्सा वितरण सुरु गरेको हो । मन्त्री साहले सुकुम्बासी भन्दा पनि आफ्ना पार्टीका कार्यकर्ताहरुलाई जग्गा वितरण गरिहेको आरोप समेत लाग्न थालेको छ ।

राष्ट्रिय वन क्षेत्रभित्रको अन्तर्राष्ट्रिय विमानस्थलको जग्गामा वन कार्यालय, अन्तर्राष्ट्रिय विमानस्थलको आयोजना कार्यालय, राष्ट्रिय भूमि आयोग, मालपोत र नापी कार्यालयलाई जानकारी नै नगराई सस्तो लोकप्रियता कमाउन आफूखुसी क्षेत्राधिकार मिचेर निस्सा बाँड्न काम भएको भन्दै विमानस्थल कार्यालयले आपत्ति जनाएको छ ।

सरकारकै एउटा निकायले टाँगियावस्ती सहितको भूभागलाई समेटेर अन्तर्राष्ट्रिय विमानस्थल बनाउने निर्णय गरेको अवस्थामा संघीय मन्त्री नै उपस्थित भएर सुकुम्बासीका नाममा जग्गाको प्रमाण बाँड्नु गलत रहेको अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यालयका निमित्त प्रमुख विजय यादवले बताएका छन् । निर्वाचित जनप्रतिनिधिले नै क्षेत्रधिकार मिचेर कानुन विपरीत

- बाँकी पृष्ठ ६ मा

# कडा सुरक्षाबीच देव शिला पुग्यो अयोध्या



मिश्रीलाल मधुकर
जनकपुरधाम, १८ माघ । भगवान श्रीरामको बाल प्रतिमा बन्ने नेपालको काली गण्डकीबाट निकालिएको देवशिला (शालीग्राम पत्थर) कडा सुरक्षाबीच जनकपुरधामबाट मंगलवार भारतको अयोध्या पुगेका छन् ।

काली गण्डकीबाट अयोध्या लग्न जनकपुरधामको जानकी मन्दिरमा आएको बेला देवशिला लिन अयोध्याबाट राम मन्दिर निर्माण समितिका सचिव महन्त चंपक रायको नेतृत्वमा आएका प्रतिनिधिलाई महन्त राम तपेश्वरदास वैष्णव, पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधि, जनकपुरधामका मेयर मनोजकुमार साह लगायत जनकपुरधामका साधु-संतहरूले स्वागत गरेका थिए ।

सोमबार जानकी मन्दिरबाट अयोध्याका लागि हिडेंको सो देवशिला सीमावर्ती क्षेत्र जटही, फुलहर हुँदै राति २ बजे मुजफ्फरपुर जिल्लाको कान्तिमा पुगेर सीमानामा पुगेको थियो । मंगलबार दिउँसो १२ बजे शिला कांटीबाट गोपालगञ्ज पुगेको थियो । राजन तिवारी निवासमा भोजन गरेपछि शिला १० बजे राति गोरखपुरको गोरखनाथ मन्दिर पुग्यो ।

बुधबार बिहान सीताको मुर्ति बन्ने सो देवशिलाको पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधि, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णव र जनकपुरधामका मेयर मनोजकुमार साहले हवन गरेका थिए । ट्रकमा राखिएको भगवान भगवान श्रीराम मूर्ति बन्ने देवशिलाको गोरखनाथ मन्दिरका पुजारीहरुले पूजा गरेका थिए ।

जनकपुरधामबाट शिलासँगै हिँडेका मानिसहरूलाई गोरखनाथ मन्दिरले सम्मान गरेको थियो । शिला करीब दस बजे अयोध्या प्रस्थान गरिन् ।

बिहीबार जानकी मन्दिरका महन्त राम तपेश्वरदास वैष्णव, पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधि, जनकपुरधामका मेयर मनोजकुमार साहले संयुक्त रुपमा राम मन्दिर निर्माण समितिलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

जनकपुरधाम र अयोध्याको बीचमा शिलालाई भव्य स्वागत गरिएको थियो । हजारौं महिला-पुरुषले सडकमा पुष्पवृष्टि गर्दै स्वागत गरेका थिए ।






# धर्म बिरुद्ध र मानवको स्वास्थ्यसँग खेलवाड भएको गुनासो

मुकेश कुमार साह
रौतहट १८ माघ ।

रौतहट १८ माघ ।फुलतारा डेरी उद्योग गौर, ५ रौतहटले गाई र भैसीको बोसो प्रयोग गरि हिन्दू धर्म बिरुद्ध काम गरेको ,तथा सर्वसाधारण जनताको स्वास्थ्यसँग खेलवाड गरेको विश्व हिन्दू परिषद नेपाल रौतहटले जनाएको छ ।

डेरी संचालक मो. समिम र मो. मोति उल्लाहले घ्यू, दही, दुध लगायतको खाद्यान्न वस्तु तयार गर्न अखाध्य बस्तु प्रयोग गरेको गुनासो छ ।

दोषिमाथी कडा कार्वाहीको मागगर्दै विश्वहिन्दू परिषद नेपाल रौतहट द्वारा जिल्लाप्रशासनकार्यालय गौर, रौतहट मार्फत प्रधानमन्त्री, गृहमन्त्री र खाध्यप्रबिधि तथा गुण नियन्त्रण कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ ।

राजनीतिक चलखेल नगरी वास्तविक छानबिन हुनुपर्ने ,दोषीलाई कार्वाहीहुनुपर्ने अन्यथा कडा आन्दोलनगर्ने ज्ञापनपत्रमा उल्लेखित गरिएको छ ।

ज्ञापन पत्रमा मंगलवारका दिन गौर न.पा.वडा नं. ५ स्थित पोखरीको डिलमा रहेको फुलतारा डेरी उद्योगमा स्थानीय प्रशासनद्वारा छापा मारी हुँदागाई भैसीको बोसो, केमिकल लगायत अखाद्य वस्तुहरु प्रहरी प्रशासनले बरामद गरी संचालक समेतलाई पक्राउ गरी प्रहरी हिरासतमा लिएको उक्त घृणित, असमाजिक, सनातनधर्ममास्ने जस्ता जघन्य अपराधिककार्य गरेकोमा विश्वहिन्दू परिषद नेपाल जिल्लाकार्य समिति रौतहटको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो। उक्त अपराधीक कार्य गर्ने संचालक सहयोगी समेतलाई अविलम्ब कानून बमोजिम कडा भन्दा कडा कार्वाहीगर्न माग गरेको परिषद का रौतहट अध्यक्ष रामाशंकर प्रसाद यादवले बताएका छन् ।

यता प्रहरीले फूलतारा डेरी उद्योग बाट बरामद समानजिल्ला प्रशासनकार्यालय रौतहटको प्रतिनिधि, गौर नगरपालिकाकाप्रतिनिधीहरु समेतको रोहबरमा उद्योग सिल गरी सो डेरी उद्योगको संचालकलगायत केहीमानिसहरुलाई नियन्त्रणमा लिएकोमा पुनः १८ गते जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय टोली, गौर नगरपालिका, कर कार्यालय, राष्ट्रिय अनुसन्धानकार्यालय, पत्रकार, वडा अध्यक्ष, उद्योग वाणिज्य संघका प्रतिनिधीहरू र खाद्यप्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, मंलगवाबाट खटि आएका खाद्य निरीक्षक समेतको रोहवरमा सिलखोली नमुना परिक्षण गरी केहि व्यक्तिहरु माथी अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेहरुमा जिल्ला रौतहट राजपुर नगरपालिका वडा नं. १ पिपरा भगवानपुर घर भई हालगौर न.पा. ५ फुलतारा डेरी उद्योग संचालनगरि बस्ने वर्ष ३६ को शेख समिम , उनको भाई वर्ष २७ को मो. मतिउल्लाह,वर्ष २४ को इफानखान, गरुडा न.पा. ८ बस्ने वर्ष २३ को मो. समसे आलम रहेको डिएसपी उमाशंकर प्रसाद यादव ले जानकारी दिएका छन ।




## अखाद्य सामाग्री मिसाउने डेरी संचालक पक्राउ

प्रहरीले अखाद्य सामग्री मिसावट गरेर दही, घ्यू विक्री वितरण गर्दै आएको आरोपमा गौरस्थित फुलतारा डेरीका संञ्चालकलाई पक्राउ गरेको छ । रौतहटको गौर नगरपालिका वडा नम्बर ५ स्थित रहेको फुलतारा डेरीका संञ्चालक मोहम्मद समिम र मोहम्मद मोतिउल्लाहलाई प्रहरीले नियन्त्रणमा लिएको हो । डेरीमा अखाद्य पदार्थको प्रयोगबाट तयार पारिएको घिउ, दही बिक्री वितरण गर्दै आएको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई हिरासतमा लिएको हो ।

जिल्लाको राजपुर नगरपालिका वडा नम्वर १ भगवानपुर घर भई हाल गौरस्थित आफ्नै घरमा डेरी संञ्चालन गरेको महम्मद मतिउल्लाह र मोहम्मद समिमलाई मंगलबार साँझ निजको घरबाटै पक्राउ गरेको थियो । फुलतारा डेरीमा हिजो प्रहरीले छापा मारेको घटनास्थलबाट विभिन्न किसिमको केमिकल र भैंसी लगायत अन्य जनावरहरूको बोसो समेत पाइएको थियो । अखाद्य सामग्री मिसावटबाट बनाइएको सामाग्री खादाँ शरीरलाई हानी हुने थाहा हुदाँ हुदैं केमिकल र भैंसी लगायत अन्य जनावरहरूको बोसो मिसावट गरेर बनाइएको दही, घ्यू विक्री गरेको अभियोगमा पक्राउ परेका उनीहरुमाथि यसबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# जसपा निकट युनियन राराव एकाइ कमिटिको अध्यक्षमा यादव



मधेशदृष्टि
जनकपुरधाम,१८ माघ ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट समाजवादी विद्यार्थी युनियन नेपाल राराव क्यामपस जनकपुरधाम एकाई कमिटिको पुर्न गठन गरिएको छ।

समाजवादी विद्यार्थी युनियन नेपालका केन्द्रिय उपाध्यक्ष बरुण यादवको प्रमुख आतिथ्य र केन्द्रिय उपाध्यक्ष नेम्बर राई,केन्द्रीय उपमहासचिव पुष्पा यादवको विशेष आतिथ्यतामा बुधवार बसेको बैठकबाट गौतम यादवको अध्यक्षतामा ४९ सदस्यीय समिति गठन गरिएको हो । समितिको उपाध्यक्षहरुमा रितिक कुमार सिंह, लभकुमार साह, मुरली मनोहर, आरती कुमारी यादवलाई चयन गरिएको छ भने सचिव पदमा राकेश कुमार यादव, स-सचिवहरुमा हिमाल कापर, बिक्की कुमार साह, कृष्ण कुमार यादव, दिपेन्द्र पासमान र मिनु कुमारी झालाई चयन गरिएको छ । त्यसैगरि कोषाध्यक्षमा सरिता कुमारी ठाकुरलाई चयन गरिएको जनाईएको छ ।

समितिको सदस्यहरु ज्ञानु कुमार मण्डल, जिवछ कुमार दास, ज्योति कुमारी गुप्ता, प्रीति कुमारी यादव, अञ्जली कुमारी यादव, बिजय कुमार यादव, शम्भु कुमार साह, हिमान्सु कापर, संजित यादव, देबेन्द्र यादव, रबिन्द्र कुमार यादव, लक्ष्मेश्वर महरा, अशोक मुखिया, सुजित कुमार साह, मनिष कुमार यादव, कृष्णा कुमार साह, संजय कुमार साह, सुनिल मण्डल, अमन कुमार झा, प्रवेश मण्डल, सुरुती कुमारी झा, चन्दन साह, बिजय मण्डल, शम्भुकुमार यादव, सुजितकुमार यादव, भावना कुमार साह, अजयकुमार राउत, सुप्रीया साह, केशव लाल कर्ण, निषाकुमारी यादव, उमर अलि, सरताज अन्सारी, अनिलाकुमारी सिंह, हेमाकुमारी सिंह र बबिता कुमारी सिंह सहित ४९ सदस्य कमिटी गठन गरेको छ ।

बुधवार बसेको बैठकमा युवा संघ धनुषाका अध्यक्ष दिपेन्द्र कापरी, विद्यार्थी युनियनका जिल्ला अध्यक्ष सुनिल मण्डल, उपाध्यक्ष रामप्रकाश यादव, विद्यार्थीको प्रदेश सचीव आमिन राइन, जिल्ला सचिव बलिराम कापरी, सहसचिव रहमत राइन र पार्टीका नेता नवीन यादव र युवा नेता मुन्जय राउतको उपस्थिती रहेको थियो ।

# एस.ई.ई तयारी परिक्षाको अनुगमन गर्दै प्याव्सन



मुकेश कुमार साह
रौतहट १८, माघ ।

निजि तथा आवासिय विद्यालयको छाता संगठन प्याव्सनले एस.ई.ई तयारी परिक्षा संचालन गरेको छ । देशभरी रहेका निजिविद्यालयमा एकैसाथ तयारी परिक्षा संचालन गरिएको केन्द्रीय सचिव के.वि थापाले बताए। उनका अनुसार माघ १५ गते आईतवार देखी संचालनमा रहेको परिक्षा २३ गते सम्मचल्ने छ। विद्यार्थीको पढ्ने भावनको बिकास होस भन्ने उदेश्यले प्री.बोर्ड परिक्षा संचालन गरेको उनले बताए । सोहि परिक्षाको बुधवार प्याप्सन मधेस प्रदेशका अध्यक्ष तथा परीक्षा समितिका संयोजक दिपक रेग्मीले बिभिन्न केन्द्रमा पुगी अनुगमन गरेका छन् । परीक्षा व्यवस्थित र मर्यादित भए/नभएकोबारे जानकारी लिन अनुगमन गरिएको उनले बताए । अनुगमनका क्रममा सबै केन्द्रहरुमा अनुशासित र मर्यादित ढंगले परिक्षा सुचारु रहेको पाईएको संयोजक रेग्मीले बताए।

उनले बारा,पर्सा,सर्लाही,धनुषाहुँदै बुधवार रौतहटमा अनुगमन गरेको जानकारी दिए । उनकाअनुसार महोत्तरी र सिरहामा भने अनुगमन बाँकी छ ।

मधेश प्रदेशमा करिव ६ हजार ५ सय निजि विधालयका विद्यार्थीले एकैसाथ परिक्षा दिईरहेको उनले जनाए । मधेश प्रदेशमा सिरहा देखी पर्सासम्म केन्द्र निर्धारण गरी परिक्षा संचालनभईरहेको रेग्मी बताउँछन् । सप्तरीमाखभने विविध कारणले केन्द्र तोक्न नसकिएको उनले बताए।

विद्यार्थीलाई सरल र सहज किसिमले प्रस्तुत गर्दै परीक्षामा सफलता प्राप्त गर्न प्याव्सनले हरेक वर्ष तयारी परिक्षा गराउँदै आएको छ।

# विश्वकर्मा मन्दिरको स्थापना दिवसको अवसरमा सम्मान कार्यक्रम



आरके श्रीवास्तव
गरूडा, माघ १८ गते ।

रौतहटको प्रसिद्ध धार्मिक स्थल शिवनगरमा विश्वकर्मा मन्दिरको स्थापना दिवसको अवसरमा सम्मान कार्यक्रम सम्पन्न भएको छ । गरुडा नगरपालिका वडा नम्बर ५ शिवनगरमा अवस्थित बिश्वकर्मा मन्दिरको प्राङ्गणमा मन्दिरको स्थापना दिवस मनाइएको हो ।

कार्यक्रममा संस्थापक सदस्य, स्वजातिय जनप्रतिनिधि तथा स्वजातिय कर्मचारीहरूलाई संम्मान कार्यक्रम राखिएको थियो । श्री नेपाल विश्वकर्मा लोहार संघका अध्यक्ष रामाशंकर ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा उपस्थित सम्पूर्ण स्वजातिहरुलाई सम्मान गरिएको थियो। साथै पत्रकारहरु राजेश्वर पाण्डे,आरके श्रीवास्तव,रमेश यादव,सागर ठाकुर,रुपेश यादव लाइ पनि सम्मान गरिएको थियो। कार्यक्रमको प्रमुख अतिथीको रुपमा बारा प्रदेश सभा सदस्य लक्ष्मी देवी ठाकुर रहेकी थिइन् । विशिष्ट अतिथिको रुपमा नेपाल विश्वकर्मा सेवा समितिका बरिस्ठ उपाध्यक्ष आशिर्वाद ठाकुर रह्नु भएको थियो ।

राष्ट्रिय गान बाट सुरु भएको कार्यक्रममा सञ्चालन विवेक शर्माले गरेका थिए। ज्ञातअज्ञात शहिदहरुको समझानामा एक मिनेट मौन धारण गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य शंकर ठाकुरले राख्नु भएको थियो ।

सो अवसरमा मन्दिरका संस्थापक अध्यक्ष सिताराम ठाकुर,सुविश इन्टरनेट गरुडाका कार्यालय प्रमुख सुनिल ठाकुर सहित लोहार समुदाय बाट प्रतिनिधित्व गर्ने जनप्रतिनीधी र कर्मचारहिरुको भव्य उपस्थिती रहेको थियो ।






## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |



मधेश प्रदेश सभाको पाँचौं वार्षिकोत्सवको अवसरमा चार दिवसीय कार्यक्रमअन्तर्गत बुधबार पहिलो दिन प्रदेश सांसदहरु चेस खेल्दै । *तस्बिर : मनोजकुमार मोरबैता/रासस*

# संक्षेप समाचार

## चार दिन देखी युवक वेपत्ता

रौतहटको बृन्दावन नगरपालिकाका वडा नम्बर ३ विश्रामपुर निवासी एक युवक ४ दिन देखि बेपत्ता भएका छन । गत शनिबार देखि बिश्रामपुरका बर्ष २१ का लक्ष्मी चौरसिया जंगलमा दाउरा काटन साइकल र बन्चरो लिएर जंगल गएकोमा हालसम्म घर नफर्केको पारिवारिक स्रोतले जनाएको छ। घर नफर्किएका चौरसियाको परिबार आफन्तहरुले खोजी गर्दा फेला नपरेको जनाईएको छ । शनिबारबाट हराइ रहेका युवकको आइतबार परीवारजनले प्रहरी चौकी रमौलीमा जानकारी गराएको स्थानिय बिनोद चौरसियाले जानकारी दिए । सोमबार प्रहरीसहित आफन्तहरुसंगै गाउलेहरुले संयुक्त रुपमा जंगलमा खोजी युवकको अबस्था अज्ञात रहेको प्रहरीले जनाएको छ। हराएको युवकको खोजी कार्यमा प्रहरीले चासो नदेखाएको र प्रहरी प्रशासनसंग हराइरहेका युवकको खोजीमा सहयोग गरि दिन आफन्तहरुले आग्रह गर्दै आएको स्थानिय विनोद चौरसिया बताउँछन्।

## हरिपुर वितार्मा आँखा शिविर

पर्साको कालिकामाई गाउपालिका वडानम्बर तीन हरिहरपुर बिर्तामा निशुल्क आखा शिविर सम्पन भएको छ । मात्रिका आई फाउन्डेसन बिरगंज पानीटयांकीको सहयोगमा र वडानम्बर तीनको आयोजनामा भएको आखा शिविरमा १ सय ३६ जनाको आँखा परिक्षण गरिएकोमा ५९ जनामा मोतियाबिन्दुको समस्या भेटिएको नेत्र रोग विशेषज्ञ डा. मनोरंजन यादवले बताए । कालिकामाई गाउँपालिका वडा नम्बर ३ का अध्यक्ष संजय पटेलले मोतियाविन्दु भएकाहरुको निःशुल्क अप्रेशन गरिने र चश्मा तथा औषधी पनि सहयोगी संस्थाले उपलब्ध गराउने जानकारी दिए ।

## पत्रकार वीरेन्द्र स्मृति पुरस्कार लक्ष्मी साहलाई

बाराका स्वर्गीय पत्रकार वीरेन्द्र कुमार साह स्मृतीमा स्थापना गरीएको क्रियाशील पत्रकारीता पुरस्कार यस वर्ष कान्तीपुर दैनीकका स्थानीय संवाददाता लक्ष्मी साहलाई दिने निर्णय भएको छ। प्रेस चौतारी नेपालकेन्द्रीय समितीले यस वर्षको वीरेन्द्र कुमार साह क्रियाशील पत्रकारीता पुरस्कार बाराका पत्रकार साहलाई दिने निर्णय गरेको हो ।

प्रेस चौतारीको २२ औं स्थापना दिवसका अवसरमा काठमाण्डौमा यहि माघ २२ हुने अर्थमन्त्री विष्णु पौडेलको प्रमुख आतिथ्यतामा हुने कार्यक्रमा साहलाई उक्त पुरस्कार प्रदान गरिने प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले जानकारी दिए।

यस्तै प्रेस चौतारीले यस वर्ष हृदयचन्द्र सिंह स्मृति पत्रकारीता पुरस्कार रुपन्देहीका पत्रकार डाक्टर बालकृष्ण चापागाई ,अग्निशीखा स्मृति पत्रकारीता पुरस्कार लमजुङ्का कृष्ण केसी , डेकेन्द्र थापा स्मृति पत्रकारीता पुरस्कार दैलेखका याम शर्मा , सावित्री-पदस्मी बस्नेत स्मृति पत्रकारीता पुरस्कार सुनसरीका लिलाराज भट्टराइ र चन्द्र न्यौपाने -शान्तिराम कार्की स्मृति पत्रकारीता पुरस्कार डडेल्धुराकी ममता भट्टलाई दिने निर्णय गरेको महासचिव लामाले जानकारी दिए।

## महानगरपालिकाले बजार अनुगमनलाई तिव्रता दिने

वीरगन्ज महानगरपालिकाले बजार अनुमगनलाई अझ तिब्रता दिने भएको छ। महानगरको बजार व्यवस्थापन तथा अनुगमन समितिको बसेको बैठकले बजार अनुगमनलाई अझ तिब्रता दिदै प्रभावकारी बनाउने निर्णय गरेको हो ।

वीरगंज महानगरपालीकाका उपप्रमुख एवं बजार व्यवस्थापन तथा अनुगमन समितिको संयोजक इम्तियाज आलमको संयोजकत्वमा बसेको बैठकले यस्तो निर्णय गरेको उपमेयर आलमका प्रेस सल्लाहकार महम्मद सद्धाबले जानकारी दिए।

बैठकले अहिले भैरहेको बजार अनुगमनलाई तिब्रता दिदै खाद्यान्न पसलहरुमा म्याद गुज्रिएका सामान भेटिए सम्बन्धित पसलेलाई कारबाहीको दायरामा ल्याउने निर्णय गरेको छ । बैठकमा वीरगन्ज होटल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष हरि पन्त, वडा प्रहरी कार्यालय वीर्ताका प्रहरी निरीक्षक विशाल मल्ल, वीरगन्ज महानगरपालिकाको कार्यपालिका सदस्य कन्हैया ठाकुरका साथै सरोकारवाा संघसंस्था र निकायका प्रतिनिधीहरुको पनि सहभागिता रहेको थियो ।

# एफएम रेडियो समस्यामा

वीरगञ्ज, १८ माघ

मधेस-प्रदेशस्थित पर्साको वीरगञ्जका अधिकांश सामुदायिक र व्यावसायिक रेडियो यतिबेला आर्थिक सङ्कटमा परेका छन् । दक्ष जनशक्तिको अभाव, व्यावसायिक विज्ञापन नपाउने, सरकारको दोहोरो कर नीतिलगायत कारणले एफएम रेडियो सञ्चालन गर्न समस्या भएको सञ्चालकहरूको गुनासो छ। 'सामुदायिक र व्यावसायिक रेडियो सञ्चालनको अवस्था र प्रदेश सरकारले गर्नसक्ने सहयोग' का सम्बन्धमा प्रदेशको आम सञ्चार प्राधिकरणले यहाँ आयोजना गरेको कार्यक्रममा स्थानीय रेडियो सञ्चालकहरूले दक्षजनशक्ति र विज्ञापनको अभावका कारण रेडियो सञ्चालन गर्न कठिनाइ भइरहेको बताए। "हामीले अहिले सहजरूपमा विज्ञापन पाउने अवस्था छैन, सामुदायिक रेडियो नारायणी एफएमका सञ्चालक गोविन्द देवकोटाले भने , " अहिले एफएमको आर्थिक स्रोत खुम्चिँदै गएको छ, सहजरूपमा विज्ञापन पाउने स्थिति छैन्, कमिसन पाइने हिसाबले मात्र विज्ञापन उपलब्ध गराइन्छ ।" " वीरगञ्जमा सामुदायिक र व्यावसायिक गरी १३/१४ वटा एफएम रेडियो छन" विज्ञापन नपाएर ती सबैको आर्थिक अवस्था जर्जर भइसकेको छ", उनले भने ,"यस्तो अवस्थामा दक्ष जनशक्ति राख्ने र कन्टेन्ट अनुसारको कार्यक्रम तयार पार्न समस्या भइरहेकाले प्राविधिकको भरमा गीत बजाएर मात्र एफएम चलाउनु बाध्यता हामीसँग छ "।

आर्थिक सङ्कटका कारण यहाँका कतिपय एफएम बन्द भइसकेका छन् भने कतिपय रेडियो बन्द हुने अवस्थामा पुगेको रेडियो सञ्चाकहरुको भनाइ थियो । " दक्षजनशक्तिको अभावमा हामीले आफ्नो कार्यक्रम उत्पादन गरी बाहिर पठाउन सकिरहेका छैनौँ," पब्लिक एफएमका राजेन्द्र सिंहले भन्नुभयो, "यहाँ एफएम रेडियोले आफ्नो कार्यक्रम उत्पादन नगरी बाहिरका एमएमबाट उत्पादित कार्यक्रम बजाउनुपर्ने बाध्यता छ। हामीले स्रोतालाई आफ्नै उत्पादन सुनाउन चाहे पनि दक्षजनशक्ति नपाएर त्यसो गर्न सकिरहेका छैनौँ, त्यसैले यी समस्या समाधानका लागि सरकारले सहजीकरण गर्नुपर्छ ।"आर्थिक समस्यामा रहेका एफएम रेडियोलाई टेलिफोन, इन्टरनेट र विद्युत् महसुलमा सहुलियत दिने व्यवस्था मिलाउन सकिए रेडियो सञ्चालनमा थोरै भए पनि सहज हुने सञ्चालकहरूको भनाइ थियो । "आर्थिक समस्याकै कारण रेडियो बन्द हुने अवस्थामा छ", आकास एफएमका सन्तोष पटेलले भने ,"आर्थिक समस्यामा परेर बन्द हुने अवस्थामा पुगेका रेडियोलाई विद्युत्, टेलिफोन र इन्टरनेटमा छुटसँगै विज्ञापन पाउने अवस्था सिर्जना गरे एफएम रेडियोलाई थोरै भए पनि राहत हुनसक्छ।"

स्थानीयस्तरका विज्ञापन स्थानीय सञ्चारमाध्यमबाट प्रकाशन प्रशारण हुने नीति बनाइए पनि कार्यान्वयन नहुँदा स्थानीय विज्ञापनमा पनि कमिसनका कारण बाहिरी सञ्चारमाध्यममा जाने गरेकाले स्थानीय विज्ञापन एकद्वार प्रणालीबाट स्थानीय सञ्चारमाध्यमलाई उपलब्ध गराउनुपर्नेमा उनको जोड थियो। "हामी बर्सेनि भ्याट र प्यान तिछौ" रेडियो बिन्दासका सञ्चालक आरसी यादवले भने , "तर पनि विज्ञापनको भुक्तानी दिने बेलामा १५ प्रतिशत कर काट्दा दोहोरो करको मार परेकोले यसबारे बारेमा सरकारले सोच्नुपर्छ।" प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले सामुदायिक र व्यावसायिक रेडियोको अवस्थाप्रति आफूहरू सचेत रहेको बताए। समस्या परेर बन्द भएका रेडियोलाई एक पटकका लागि सहुलियत वा अनुदान दिएर भए पनि सञ्चालन गराउने प्राधिकरणको योजना रहेकाले आएका सुझावकै आधारमा योजना बनाइने उनले जानकारी दिए । "स्वीकृति लिएका सबै एफएम रेडियो चल्नुपर्छ भन्ने हाम्रो चाहना हो अध्यक्ष यादवले भने ,"हामीले समस्यामा परेकालाई के सहयोग गर्न सकिन्छ भने सोचिरहेका रहेका छौं। त्यसबाहेक बन्द भइसकेका रेडियोलाई सञ्चालनका लागि तत्काल अनुदान दिन सकिन्छ वा कर छुट भन्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौं ।"रासस

# के हो क्यानभित्रको विवाद ?

गण्डकी, १८ माघ ।

गत महिना काठमाडौँमा आयोजित पहिलो संस्करणको नेपाल टी-२० लिगपछि नेपाली क्रिकेटभित्रको विवाद अझ चुलिँदै गएको छ । बेलाबेला विवादमा आइरहने नेपाल क्रिकेट सङ्घ (क्यान)को पछिल्लो विवादको कारण सोही लिग बन्न पुग्यो । खेलमा 'स्पट फिक्सिङ' भएको प्रमाणित भएपछि प्रतियोगिता नै विवादमा तानियो । सो विषयले क्यानभित्र पनि फाटो ल्यायो । टी-२० लिगमा भएका अवाञ्छित क्रियाकलापले नेपाली क्रिकेट बदनाम भएको भन्दै क्यान पदाधिकारीको राजीनामासमेतको माग उठ्यो । सात केन्द्रीय सदस्यले मङ्गलबार पोखरामा बसेको क्यानको बोर्ड बैठक नै बहिष्कार गरे । क्यानको आफ्नै प्रतियोगितामा खेल मिलेमतो भएकाले यसको सम्पूर्ण जिम्मेवारी कार्यसम्पादन समितिले लिनुपर्ने असन्तुष्ट पक्षको माग छ । क्यानले लिग आयोजनाको जिम्मेवारी भारतीय कम्पनी 'सेभेन थ्री स्पोर्ट्स'लाई दिएको थियो । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले भने नेपाली क्रिकेटकै हित सोचेर भारतीय कम्पनीसँग सम्झौता गरिएको बताउँछन । निर्णय गर्दा बोर्डका सबै सदस्यको सहमति रहेको उनको भनाइ छ।ँलिग सञ्चालन गर्दा भएका सामान्य प्रक्रियागत त्रुटिलाई लिएर राजीनामा नै माग गर्नु अनुचित छ, उनी भन्छन, ँक्यानमा अनावश्यक विवाद सिर्जना गरी नेपाली क्रिकेटको भविष्यलाई अन्धकारतिर धकेल्ने नियतले एउटा पक्ष लागेको छ । अध्यक्ष चन्दले क्यानको विधानले तोकेबमोजिम सदस्यको दस्तखस्त लिएर आए आफू विशेष साधारणसभा डाक्न तयार रहेको उल्लेख गरे । बाहिर राजीनामा माग्दै हिँडेर केही हुँदैन, क्यान आफ्नो विधानले चल्छ, चन्द भन्छन् । आउँदो फागुनमा साधारणसभा र जेठभित्र विशेष साधारणसभा गरी निर्वाचन गर्ने निर्णय बोर्ड बैठकबाट भइसकेकाले यो विषय उछाल्न आवश्यक नरहेको अध्यक्ष चन्दले भनाई छ ।ँलिगलाई किन यति नकारात्मक पाटोबाट मात्र हेर्रिँदैछ, नेपाली खेलाडीले १५ दिन खेलेर १५ लाख कमाउने वातावरण बनाएको क्यानले होइन ?, उनी भन्छन्, ँस्पट फिक्सिङमा संलग्न जोसुकै पदाधिकारी, खेलाडी वा कोही सदस्य भए पनि कारवाही हुन्छ । क्यान र सेभेन थ्री स्पोर्ट्सबीच नेपाल टी-२० लिग आयोजनाका लागि आठ वर्षको सम्झौता भएको थियो । सोबापत सेभेन थ्री स्पोर्टस्ले रु ३३ करोड दिने सम्झौता थियो । लिगमा स्पट फिक्सिङ भएको, खेलाडीले समयमै पैसा नपाएको, अपारदर्शिता लगायत विषयमा विवाद उत्पन्न भएको थियो । स्पट फिक्सिङको घटनामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले क्यान र सेभेन थ्री स्पोर्टस् कम्पनीमाथि छानबिन गरिरहेको छ।

खेल मिलेमतोको आरोपमा केही खेलाडीलाई पक्राउ समेत गरिएको छ । टी-२० लिगमा भएका अवाञ्छित क्रियाकलापमा केन्द्रीय कार्यसम्पादन समिति जिम्मेवार रहेकाले राजीनामा माग गरिएको असन्तुष्ट पक्षका केन्द्रीय सदस्य ऋषिराम गौतमले बताउँछन् । लिग लगायतका विषयमा कार्यसम्पादन समितिको बैठकबाट नै सम्पूर्ण निर्णय गरिएको र बोर्डलाई कुनै जानकारी नगराइएको उहाँको आरोप छ । नेतृत्व गैरजिम्मेवार बन्दा क्यान निलम्बनमा पर्ने देखिएकाले आफूहरू विरोधमा उत्रेको असन्तुष्ट पक्षको तर्क छ।रासस

# शान्ति सुरक्षाका लागि तीनै तहसंग पहल गर्ने सिडिओ दाहालको प्रतिवद्धता



मधेशदृष्टि

जनकपुरधाम, १८ माघ।

जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी काशी राज दाहालले जिल्लाको शान्ति सुरक्षा, सुशासन तथा विकासको काममा गति दिन आफु तीनवटै तहसंग पहल गर्ने बताएका छन।

धनुषा सरुवा भएर आएका प्रजिअ दाहालले पत्रकारहरूसँग बुधवार आयोजना गरेको अन्तरक्रियामा मधेश प्रदेशको राजधानी जनकपुरधाम भएकाले यस ठाउँको सरसफाइ, सौन्दर्यीकरण तथा ट्राफिक व्यवस्थापनका लागि उपमहानगरपालिका सहितका निकायसँग सहकार्य गर्ने बताए।

उनले जनकपुरधाम धार्मिक पर्यटकीय नगर भएकाले पर्यटक आउने मार्गहरूलाई व्यवस्थित बनाउनका लागि स्थानीय तहसँग सहकार्य गरेर काम गर्ने गरी आफू अगाडी बढ्ने पनि बताए। जिल्ला प्रशासन कार्यालय धनुषाबाट नै सुधारका कामको थालनी गरिसकेको बताउँदै उनले अन्य कार्यालयहरूमा हुने गरेको ढिलासुस्ती तथा कमी कमजोरीको समाधान गर्नका लागि सहकार्य गर्ने बताए। उनले पत्रकारहरूसँग आफू निरन्तर रुपमा नै सहकार्य गर्ने पनि बताए । गृह मन्त्रालयले पहिलो पटक जिल्लाहरूलाई वर्गीकरण गरेर विभिन्न वर्गमा छुट्याएर आफूलाई मोरङबाट धनुषामा खटाएको बताउँदै उनले आम जनतालाई जिल्लामा परिवर्तन महसुस हुने गरि तीनै तहका सरकारका बीचमा समन्वय गरेर काम गर्ने बताए।

प्रजिअ दाहालले सीमा पारिबाट हुने लागु औषधिको कारोबारको नियन्त्रणमा रोक लगाउने भन्दै राष्ट्रिय परिचयपत्रलाई जिल्लाको वडा वडामा पुगेर विवरण सङ्कलनको काम चाँडै अगाडी बढाउने बताए । उनले नागरिकताको प्रतिलिपिमा हुने गरेको समस्याको समाधानका लागि अभिलेखलाई व्यवस्थित बनाउने प्रतिवद्धता समेत जनाएका थिए । अन्तरक्रिया कार्यक्रममा धनुषाका संचारकर्मीहरुले जनकपुरधाममा हुदै आएका गतिविधी र प्रशासनको कमजोरीको विषयमा बताएका थिए।

# अन्तरघात गर्नेहरुलाई जसपाले स्पष्टीकरण सोध्दै

मधेशदृष्टि

जनकपुरधाम, १८ माघ ।

पछिल्लो निर्वाचनमा घात अन्तरघात गर्नेहरुमाथि जनता समाजवादी पार्टी (जसपा) नेपालले स्पष्टीकरण सोध्ने कामलाई तीव्रता दिएको छ।

पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य शिवलाल थापा संयोजकत्वको छानबिन समितिले जिल्ला जिल्लामा पुगी निर्वाचनको समयमा पार्टी हित विपरीत कार्य गरेको आरोप लागेका नेता, कार्यकर्ताहरूको विवरण संकलन गर्ने र बयान लिने कार्य गरिरहेको हो । समितिको टोलीले मोरङ, सप्तरी, सिराहा, महोत्तरी र धनुषामा पुगी आरोपितहरुबारे सत्यतथ्य बुझ्ने कार्य गरिरहेको छ। टोली बुधबार सर्लाहीको मलङ्गवा पुगेको छ । पार्टीका केन्द्रीय कार्यकारिणी समितिका सदस्यदेखि स्थानीय तहका नेताहरुमाथि निर्वाचनमा अन्तरघातको आरोप लागेको छ । पार्टीको राजनीतिक समितिको बैठकले छानबिन समितिलाई आफ्नो कार्य सम्पन्न गर्न माघ मसान्तसम्मको समय सीमा दिएको छ।

# नेपालद्धारा पठाइएको शिलाले भगवान रामको मुर्ति बन्नेमा समुहको स्वागत




मधेशदृष्टि

जनकपुरधाम,१८ माघ।

भारतको अयोध्याको निमार्णाधिन मन्दिरमा भगवान श्रीरामको बाल्यकालको मुर्तिका लागि नेपालबाट शिला लगीएको विषयमा नेपाल भारत खुला सीमा सम्वाद समुहले स्वागत गरेको छ।

समुहले बुधवार एक विज्ञप्ती जारी गर्दै छ करोड साल पुरानो शिला नेपालको कालीगण्डकीवाट ल्याइएको र जनकपुरधाम हुँदै भारतको उत्तरप्रदेशको अयोध्या लैजाने क्रममा वाटो स्वःस्फूर्त निस्केका श्रद्धालुहरुको उपस्थितिले नेपाल-भारत सम्बन्ध स्वतः मजबुत भएको र त्यसको महत्वलाई थप उचाईमा पुर्याएको उल्लेख गरेको छ। समुहले जारी गरेको विज्ञप्तीमा नेपाल-भारत बीचको सम्बन्ध यो संसारकै सबै भन्दा अलौकिक र पुरानो सम्बन्ध हो । युगौयुगदेखिको सबैभन्दा मजबुत सम्बन्ध भनेको समाजिक, साँस्कृतिक, धार्मिक, भाषिक, रहन-सहन र बेटीरोटीको सम्बन्ध हो।

यसलाई पटक पटक भनिरहनु पर्ने आवश्यकता नभए पनि वर्तमान समयमा सनातन बैदिक हिन्दु धर्मका भगवान पुरुषोत्म श्री रामको जन्मभूमि अयोध्यामा श्रीराम मन्दीर निर्माण कार्यको शुरुवात भएको र यस शुभ-कार्यमा हिन्दु धमावलम्बीहरुले भगवान् विष्णुको अवतारका रुपमा मानिने शिलावाट भगवान् रामको बालस्वरुपको मूर्ति बनाइने भएको तथा उक्त शिला नेपालको कालीगण्डकीवाट लगिएको हुनाले दुई देश बीचको सम्बन्धलाई पुनः नविकरण गरेको उल्लेख छ । त्रेतायुगमा माता जानकी र भगवान रामको विवाहले नेपाल-भारतबीचको सम्बन्धलाई प्रगाढ बनाएको उल्लेख गर्दै नेपाल भारत दुई देश बीचको पवित्र सम्बन्धलाई अझ बजमुत बनाउन नेपाल-भारत खुला सिमा संवाद समुह निरन्तर प्रयत्नशील रहदै आएको र समवनध अजर र अमर रहनेमा समुहका अध्यक्ष राजीव झाद्धारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

## सम्पादकीय

# सत्तामा विश्वासको संकट

दोश्रो आम निर्वाचन पछि राजनीतिक दलहरुले नयाँ हैसियत पाएका छन्, नयाँ समिकणहरु बनेका छन् । संघीय तथा सबै प्रदेशमा सरकार गठन भएका छन् र नयाँ बनेका सरकार हरुले विश्वासको मत पनि पाइसकेका छन् । तर, के देखिन्छ भने अपार विश्वासको मत पाएका सरकारहरु एक महिना पनि नपुग्दै अविश्वासको संकटबाट गुज्रिन थालेका छन् । संघमा माओवादी र एमालेबीच सत्ता समिकरणमा खटपट देखिन थालेका छन् । सत्ता साझेदार दल राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको नागरिकता प्रकरण पछि एक खालको संकट आएको छ। रास्वपाका अध्यक्ष रविले सरकारबाट बाहिरिनेसम्मका धम्की दिन थालेका छन् । सत्ता सहभागि जसपा, जनमतले असन्तोष सार्वजनिक गरिरहेकै छन् । सम्मानजनक बाँडफाँड हुनुपर्ने जसपाको माग छ ।जसपा अध्यक्ष उपेन्द

यादव खासमा उपराष्ट्रपतिको पदको पछाडि लागेका छन् । उनको योजना अनुसार त्यो माग पुरा भयो भने बारा २ का जसपा सांसद रामसहाय यादवलाई सांसद पदबाट राजिनामा गराएर उपराष्ट्रपति पदको उम्मेदवार बनाउने र आफू बारा दुईबाट प्रतिनिधिसभामा निर्वाचित हुने । यादवको योजनामा मुख्य सत्ता साझेदार एमाले, माओवादीले साथ दिने हुन् वा होइनन् त्यो स्पष्ट भैसकेको छैन । सप्तरी २ बाट नराम्ररी पराजित यादव सत्ता छट्पटिमा देखिन्छन् र जनताबाटै निर्वाचित भएर आउँने अह्मलाई केन्द्रमा राख्दै उपराष्ट्रपति पदको बाग्रेनिङ्गमा लागि परेका छन् । यादवका अगाडि राष्ट्रियसभा सदस्य बनेर सत्ता राजनीतिमा प्रवेश गर्ने बाटो नभएको भने होइन ।

उता जनमत आफूले चाहेको मन्त्रालय नपाएको आक्रोसमा प्राप्त गसिकेको मन्त्री पदको जिम्मेवारी पनि लिरहेको छैन ।रास्वपा, जसपा, जनमतका माग र चाहना आफ्नो ठाउँमा छदैंछन् । प्रमुख दलहरुबीचनै राष्ट्रपति कुन पार्टीको कसलाई बनाउने भन्ने विवाद सार्वजनिक भएको छ ।एमाले राष्ट्रपति पद आफ्नो पोल्टामा हुनुपर्ने अडानमा छ ।माओवादी एमालेलाई दिनुहुन्न भन्ने मनस्थितिमा देखिन्छ । यता नेपाली कांग्रेस पुष्पकमललाई दिएको विश्वासको मत को मूल्य राष्ट्रपति पदमा खोजिरहेका छ । राष्ट्रपति पद मुलुकको संवैधानिक अभिभावकीय पद हो । तर, खास गरेर वर्तमान राष्ट्रपतिले संविधानको व्यापक दुरुपयोग गरेको पृष्ठभूमिमा यो पदमा कसलाई निर्वाचित गर्ने भन्नै अन्यौल देखिएको हो ।

सत्ता समिकरण अनुसार दुई वर्षसम्मका लागि पुष्पकमल र त्यसपछि एमालेले सत्ताको नेतृत्व गर्ने भन्ने हो। तर, राजनीतिक घटनाक्रमहरुले संकेत गर्दैछन्, सत्ता साझेदारबीच अविश्वासको खाँडल फराकिलो बन्दै गएको देखिदैछ । यता केन्द्रीय प्याकेज अर्न्तगत प्रदेश सरकारहरु समेत निर्माण भएकोले संघीय सरकारमा हुने, हुनसक्ने खटपट्को प्रभाव प्रदेशहरुमा पनि पर्ने हुन्छ ।

संघमा माओवादी, एमाले आलोपालो प्रधानमन्त्री र मधेश प्रदेशमा जसपा र जनमत आलोपालो मुख्यमन्त्रीको सहमति बनेको हो । सहमति अनुसार मधेशमा जसपा नेतृत्वको सरकार बनेको एक महिना बित्नलाग्दा पनि सरकारले पुर्णता पाउँन सकेको छैन ।

जसपाका सांसद सरोजकुमार यादव सहीत थप एक जना, जनमत र एमालेका एक जना सांसदले पुष १९ मा सपथ लिएका थिए । अहिलेसम्म पनि मुख्य मन्त्री सहित चारजना मन्त्रीमात्र छन् । प्रारम्भिक सहमति अनुसार जसपाले मुख्य मन्त्री र अर्थमन्त्रालयको जिम्मेवारी लिइसकेको छ भने एमालेले भौतिक योजना मन्त्रालयको जिम्मा लिएको छ । जनमत पार्टीलाई सामाजिक विकास मन्त्रालय दिने सहमति विपरित कृषि मन्त्रालयको जिम्मा दिइएको छ ।

मुख्य विवादमा सामाजिक विकास तथा स्वास्थ मन्त्रालय कसले लिने भन्ने देखिन्छ भने कुन पार्टीले कुनकुन र कतिवटा मन्त्रालय जिम्मा लिने भन्ने विवादकै कारण सरकारले पूर्णता पाउँन नसकेको हो । सत्ता साझेदार माओवादीले सहमति विपरित दुईवटा मन्त्रालय मागिरहेकाले मुख्यमन्त्री सामु दल तथा मन्त्रालयको व्यवस्थापन चुनौतीपुर्ण बनेको छ । मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिपरिषद् विस्तार आज हुन्छ, भोली हुन्छ भन्न्न भने छाडेका छैनन् ।

जनमत अहिले प्राप्त कृषि सहित सामाजिक सुधार मन्त्रालय पाउँनुपर्ने अडानमा देखिन्छ । जनमतको अडान पछि मुख्यमन्त्रीले सामाजिक विकास तथा स्वास्थ मन्त्रालयबाट स्वास्थ झिकेर स्वास्थ तथा जनसंख्या नामको अर्को एक मन्त्रालय थप्ने मनसाय व्यक्त गरेका छन । यादवको यस्तो मनसाय पछि जनमतले अर्को अडान अघि सारेको , कुषिमा सिंचाइ थप्ने । मन्त्रालय थपघट गरेर दलहरुको माग सम्बोधन गर्न सकिएला । तर, यसो हुनु पछाडिको अर्न्तनिहित कारण बैग्लै छ । ठूलो आकारको बजेट परिचालन गर्न पाउँने, गर्न नदिने चाहना ।

जसपा र जनमतले आलोपालो सरकारको नेतृत्व गर्ने केन्द्रीय सहमति अर्न्तगत मधेश प्रदेशमा प्रारम्भमा जसपा नेतृत्वमा सरकार निर्माण हुने क्रममा छ । मधेशको राजनीतिमा जसपा र जनमत आपसमा प्रतिस्पर्धी दल हुन् ।

मन्त्रीमण्डल विस्तारमा देखिएका राजनीतिक विमतिबाट के बुझ्न सकिन्छ भने सत्ताधारी दलहरुबीच अहिलेसम्म सतहमा प्राविधिक सहमति छ र सँगसँगै अविश्वास बढ्दै गएकोले सहकार्य सहज र सरल किसिमले अगाडि बढ्ने देखिदैन ।

## नेपालको सुशासन

# गल्ती गर्ने अमेरिकी राष्ट्रपतिको घरमा छापा, नेपालका गृहमन्त्रीलाई माफैमाफ !

*उनले अवैध भैसकेको नागरिकबाट लिएको नेपाली राहदानी पनि फिर्ता गरे। त्यसदिन उनी यो काम गर्ने निकाय राहदानी विभाग पुगे त्यस्तो राहदानी बुझाए र हिडे। यो भनेको यो बेलासम्म उनी अवैध काममा नै थिए। चोरेको कुरा फिर्ता हुनु एउटा कुरा हो भने चोरेवापत दण्डित हुनु अर्को । यस्तो दण्डबाट जोगिन फेरी उनी गृहमन्त्री हुने चर्चा छ त्यस्तै भयो भने देशको सुशासनको अवस्था के होला ?*



– केदार सुवेदी

जुन बेला नेपालमा राज्यलाई ढाँटेको, फर्जी कागजपत्र मार्फत सरकारी सुविधा प्राप्तगरेको विषयमा छानविन गरेर कारबाही गर्नु पर्ने दायित्व भएका राज्यका सम्बन्धित निकाय अभियोगी बहावलाला नेपालका गृहमन्त्रीलाई जोगाउन लागि परेका बेलामा अमेरिकाका वहालवाला राष्ट्रपति भने यस्तै निकायबाट कारबाही भोगी रहेका थिए।

नेपालमा सुशासन कस्तो छ भन्ने सन्दर्भमा यो उदाहरण प्रस्तुत भएको हो। माघको पहिलो र दोस्रो हप्ता नेपालका वहालवाला उपप्रधान तथा गृहमन्त्री (रवि लामिछाने) माथि दुइवटा नागरिक र दुइवटा राहदानी प्रयोग गरेको आरोपले औपचारिक रुप पायो। तर यो कुराको पुष्टी छानविन गर्ने प्रमुख दायित्व भएको निकाय गृहमन्त्रालय मार्फत होइन । साधारण नागरिकको सूचनाले गृहमन्त्री आफैले आफुबाट यस्तो फर्जी काम भएको स्वीकार्न वाध्य बनायो।

देशमा सुशासन थियो भने यो काम छानविन गर्ने निकाय प्रहरीबाट हुनुपर्ने थियो। सम्बन्धित व्यक्ति नै गृहमन्त्री भएपछि प्रहरीले यो सुचनालाई थातीमा राखेको भन्ने सबैको बुझाइ छ।

नेपालको प्रहरीले यता आफ्ना विभागीय मन्त्रीलाई यसरी जोगाइ रहँदा कै समयमा अमेरिकाका राष्ट्रपति जो बाइडेन त्यहाँको प्रहरीबाट आफ्नो घरमा छापा मारिरहिएको घटना व्यहोरिरहेका थिए। आरोप थियो उनी उपराष्ट्रपति हुँदा राज्यका संवेदनशील कागजपत्र आफनो घर लगेको भन्ने। यस्तो सूचनामा एफबिआईले छानबिन गर्दै राष्ट्रपति बाइडेनको डेलावेरस्थित घरमा छापा मार्ने काम चलाइएको हो।

समाचारमा आए अनुसार यो छापालाई यी राष्ट्रपतिले सहज रुपमा लिए। तर यता जो व्यक्ति फौजदारी अभियोगमा छ, यसका सबै सूचना वा जनकारी भैसकेका छन, त्यो कुरा सम्बन्धित व्यक्तिलाई झन बढी जानकारी छ उनै यो विषयमा छानविन गर्ने निकायको प्रमुख बन्न खोजे। अरुदलका नेताहरुले उनलाई सघाए।

परिणाम कस्तो आयो भने जसले दोहोरो नागरिकता र दोहोरो राहदानी बोकेर कानुनत गैह्रकानुनी काम गरेको छ उनै व्यक्ति गृहमन्त्री भएको भन्ने देशको रेकर्डमा सधैका लागि कायम भयो। वास्तवमानै त्यसपछि उनलाई जोगाउन राज्यका सबै संयन्त्र लागे। प्रहरीमा भैरहेको छानविन थातीमा गयो। यी निकाय बाट सर्वोच्च अदालतसम्मलाई गुमराहमा राख्ने काम भयो। सम्बन्धित निकायले अदालतमा दिएका जवाफले यस्तो संकेत गर्छ।

तर अदालतले भने रवि लामिछाने (गृहमन्त्री)को काम दोषयुक्त नै ठहर्यायो। गृहमन्त्री हुनेबित्तिकै प्रहरीले उनीविरूद्धको अनुसन्धान थन्क्याएको र अदालतमा जवाफ पठाउँदा वा बहस हुँदा सिडिओ र महान्यायाधिवक्ताको कार्यालयले गरेको वचाउको अर्थ रहेन।

### राज्य संयन्त्रको वचाउ

सर्वोच्चमा जवाफ पठाउँदा सम्बन्धित निकायहरुले गरेको वचाउले यो मुद्धामा राज्य संयन्त्र यसका पक्षमा कसरी लाग्यो भन्ने विभिन्न माध्यममा आएको तिनका संक्षिप्त विवरणमा केही चित्र देखिन्छ। यी सबैले यो विषय केहो भन्ने आफै वताउने हुँदा त्यसलाई दोहोर्याइएन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाली नागरिकले आफूखुसी विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा नेपाली नागरिकता नरहने र नेपालको नागरिकता त्याग्न सूचना दिई सो सूचना दर्ता भएको मितिदेखि नागरिकता कायम नरहने भन्ने नागरिकता ऐन २०६३ र नियमावली २०६३ को व्यवस्थाबाट देखिन्छ। प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवार हुन कानुनबमोजिम उम्मेदवारीको मनोनयन दर्ता भएकामा जाँचबुझ गर्दा निजको योग्यता नभएमा मनोनयनपत्र बदर हुने व्यवस्था कानुनमा रहेको छ। चितवन-२ बाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिएका रवि लामिछानेको उम्मेदवारी तथा मनोनयनपत्र दर्ता भई निज सो क्षेत्रबाट निर्वाचितसमेत भएको अवस्थामा हाल आएर नागरिकताको प्रमाणपत्रको वैधानिकताको विषय उठान गर्न उपयुक्त देखिँदैन। तसर्थ रिट निवेदन खारेज भागी छ।

प्रतिनिधिसभा सचिवालय प्रतिनिधिसभाको के-कस्तो कार्यबाट निवेदकको अधिकारमा असर परेको हो भन्ने खुलाउन नसकेको र प्रतिनिधिसभालाई विपक्षी बनाउनुपर्नाका आधार र कारणसमेत खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज भागी छ।

निर्वाचन आयोग संवैधानिक व्यवस्था र राजनीतिक दलसम्बन्धी ऐन तथा नियमावलीको व्यवस्था अनुसार निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी नामको राजनीतिक दल दर्ता गरी अभिलेखीकरण गरेको हो। आयोगमा दल दर्ताका लागि पेस हुँदा उक्त दलको सभापतिका रूपमा रवि लामिछानेलाई कानुन अनुसार चयन गरी आवश्यक कागजात पेस गरेको देखिँदा दल दर्ता गरेको विषय कानुन सम्मत रहेको छ। संविधानको धारा १३७, ९२० (ख) ले संघीय संसद्को सदस्यको निर्वाचन सम्बन्धी विवाद र अयोग्यता सम्बन्धी विषय सम्मानित संवैधानिक इजलासबाट कारबाही हुने विषय मानेको छ। उम्मेदवारी दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा मात्र त्यसको निर्णय आयोगले गर्ने हो। रिट निवेदकले उल्लेख गरेको रवि लामिछानेकोप्रतिनिधिसभासदस्यपदमा दिएको उम्मेदवारीको अयोग्यताको विषयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, चितवनबाट मिति २०७९।८।८ मा स्पष्टीकरणसहितको कागजात आयोगमा प्राप्त भएको र आयोगले जाँचबुझ गरी उजुरी प्राप्त मितिले ७ दिनभित्र अयोग्यताका बारेमा निर्णय गरिसक्नुपर्ने थियो। तर सो समयभित्र अर्थात २०७९।८।९ मा प्रतिनिधिसभा सदस्य चितवन क्षेत्र नं २ को निर्वाचन परिणाम घोषणा भएको हुँदा उम्मेदवारको अयोग्यताको विषय आयोगको अधिकार क्षेत्रभित्र नपर्ने भनी उजुरीउपर थप कारबाही गर्न परेन भनी मिति २०७९।९।१३ मा उजुरी तामेली राख्ने भनी निर्णय भएको हो। सो निर्णय कानुन सम्मत रहेको हुँदा रिट निवेदन खारेज भागी छ।

गृह मन्त्रालय नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) मा कुनै नेपाली नागरिकले आफूखुसी विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था रहेको छ। सो व्यवस्थाअनुसार आधिकारिक रूपमा विदेशी मुलुकको नागरिकता प्राप्त गरेको अवस्थाको जानकारी नभएसम्म तोकिएको अधिकारीले नेपाली नागरिक नरहेको भनी अनुमान गरी कारबाहीपश्चात अघि बढाउन



मिल्ने देखिँदैन। यस सम्बन्धमा उजुरी प्राप्त हुनासाथ सम्बन्धित निकायमा कारबाही तथा अनुसन्धान हुन लेखी पठाइएको हुँदा निवेदन जिकिर खारेज भागी छ। काठमाडौं जिल्ला प्रशासन कार्यालय निवेदक युवराज पौडेलले गृह सचिवज्यूलाई सम्बोधन गरी दिएको निवेदन तथा उजुरीउपर प्रचलित कानुनबमोजिम छानबिन तथा अनुसन्धान गरी आवश्यक कारबाही गर्न गृह मन्त्रालयको मिति २०७९।८।१२ को पत्रसाथ प्राप्त भएकोमा सो उजुरीउपर कारबाही गर्न जिल्ला प्रहरी परिसर, काठमाडौंमा पठाइएको हुँदा यस कार्यालयबाट निवेदकको कुनै अधिकारमा असर हुने कार्य गरिएको छैन। रिट निवेदन खारेज गरिपाउँ।

### अदालतको आदेश

सर्वोच्च अदालतले उपप्रधानमन्त्री एवं गृहमन्त्री रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको सांसद पद नरहने फैसला गर्दा सम्बन्धित राज्यसंयन्त्रले जोगाउन गरेको जोडजुलुमलाई पनि जवाफ दिएकोछ । सर्वोच्च अदालतको संवैधानिक इजलासले लामिछानेको नेपाली नागरिकता प्राप्ति सम्बन्धमा परेको रिटमाथि १३ माघमा पनि सुनुवाइ गर्दै उनको सांसद पद खारेज हुने फैसला गरेको हो। कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की तथा न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको इजसालबाट यस्तो निर्णय सुनाइएको हो। त्यो फैसलाका सम्बन्धित अंश ३. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५९१० मा प्रतिनिधि सभाको सदस्यको लागि मनोनयन दर्ता गरेको कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा कसैले पनि सम्बन्धित निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्ने व्यवस्था रहेको देखिन्छ। सो प्रावधान बमोजिम मिति २०७९/७/२९ मा निर्वाचन अधिकृत समक्ष उजुरी परेको समेत पाइयो। सो उजुरीमा निर्वाचन आयोगबाट तत्काल कुनै निर्णय नभै निर्वाचनको परिणाम घोषणा भएपछि सो परिणाम आईसकेकोले यो विषय सर्वोच्च अदालतको संवैधानिक इजलासको क्षेत्राधिकारभित्र परेको भनी तामेलीमा राखेको देखियो। नेपालको संविधानको धारा ८७(१०) तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ बमोजिम प्रतिनिधि सभाको सदस्य पदका लागि उम्मेदवार हुन योग्य मानिनका लागि अन्य कुराको अतिरिक्त नेपाली नागरिक हुन अनिवार्य रहेको र सो तथ्य रीतपूर्वक क्रियाशील रहेको नागरिकताको प्रमाणपत्रबाट मात्र पुष्टी हुने देखिन्छ। नेपालको संविधानको धारा ९० ले धारा ८७ वमोजिमको अयोग्यताको प्रश्नको निरुपण सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्ने व्यवस्था गरेको छ। संविधानको धारा १३७(२)(ख) अन्तरगत संघीय संसदको निर्वाचन सम्बन्धी विवाद हेर्ने अधिकार यस इजलासलाई प्रदान गरेको अवस्था समेत रहेको छ। नेपाली नागरिकको प्रतिनिधित्व गर्ने व्यक्ति कानूनी रुपमा नेपाली नागरिकको रुपमा राजनैतिक अधिकार प्रयोग गर्न सक्ने हैसियतको हो वा होइन भन्ने कुरा सार्वजनिक सरोकारको विवाद हुनु स्वाभाविक देखिन्छ। प्रस्तुत विवादमा संविधान र कानूनको व्याख्या सम्बन्धी गम्भीर र महत्वपूर्ण प्रश्न समेत सन्निहित रहेको पाइयो। निवेदकले निर्वाचन अधिकृत समक्ष दिएको उजुरीको तथ्य तथा कानूनी आधारमा प्रवेश गरी निर्वाचन आयोगबाट निर्णय भएको अवस्था समेत देखिएन। तसर्थ, यो विषयको निरुपण संविधानसम्मत तबरबाट हुनुपर्ने भएको सन्दर्भमा प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको बिवादको रुपमा स्वीकार गरी यस इजलासबाट निरुपण गर्नु मनासिव देखियो।

४. प्रत्यर्थी रवि लामिछानेले वंशजको आधारमा २०५० सालमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ। निजले २०७० साल (सन् २०१४) मा अमेरिकी नागरिकता लिएको र तत्पश्चात २०७५ सालमा अमेरिकी नागरिकता त्याग्ने प्रयोजनका लागि नेपालस्थित अमेरिकी दुतावासलाई सूचना दिई मिति २०७५।३।१४ को जानकारीका आधारमा अमेरिकी नागरिकता त्यागेको कुरामा विवाद देखिएन। निजले नेपाली नागरिकता पुनः कायम गर्न नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रकृया पूरा गरेको देखिदैन। नेपालको संविधानको धारा १३ ले नागरिकताको प्राप्ति, पुनः प्राप्ति र समाप्ति संघीय कानून वमोजिम हुने व्यवस्था गरेको छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा १० मा आफुखुसी विदेशी नागरिकता लिएमा अथवा एकैसाथ नेपाली र विदेशी मुलुकको नागरिक हुने अवस्थामा नेपाली नागरिकता नरोजेमा नेपाली नागरिकता कायम नरहने प्रष्ट व्यवस्था रहेको देखिन्छ। विदेशी मुलुकको नागरिकता लिएपछि नेपाली नागरिकता कायम रहँदैन। विदेशी मुलुकको नागरिकता आफुखुसी लिएको वा नेपाली नागरिकता त्यागेको दुवै अवस्थामा नेपाली नागरिकता कायम रहँदैन। यस्तो अवस्थामा नेपाली नागरिकता पुनः प्राप्त गर्न कानूनले तोकेको प्रकृया पुरा गर्नु नै पर्ने हुन्छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ मा कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई वसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुनेछँ भन्ने व्यवस्था रहेको देखिन्छ। तर, प्रत्यर्थी रवि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता त्याग गरेको कुराको विधिवत जानकारी सम्बन्धित अधिकारी (प्रमुख जिल्ला अधिकारी) लाई दिएको तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० र ११ लगायत नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिम तोकिएको प्रकृया वमोजिम नागरिकता जारी गर्ने कार्यालयमा गई निवेदन दिई प्रकृया पुरा गरेको भन्ने देखिदैन। उपरोक्त अनुसारको प्रक्रिया अपनाएको भन्ने समेत प्रत्यर्थीले जिकिर लिएको पाइएन। यस अवस्थाका व्यक्तिलाई नेपालको संविधानको धारा ८७(१) तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ को प्रयोजनका लागि उम्मेदवार बन्न योग्यता पुगेको भनी मान्न मिलेन।

५. अतः प्रत्यर्थी रबि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत रुपमा नेपाली नागरिकता पुनः कायम गर्ने प्रक्रिया पुरा गरेको नदेखिएको हुँदा निजले प्रतिनिधि सभा सदस्य पदको उम्मेदवार हुन वा सो पदमा निर्वाचित भई कायम रहन मिल्ने देखिएन। निजले चितवन जिल्ला, निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार हुन पाउने अवस्था नरहेकोमा उम्मेदबार भई निर्वाचित समेत भएको देखिदा निज प्रत्यर्थी रबि लामिछानेलाई उम्मेदबार कायम गर्ने, निजलाई निर्वाचित घोषणा गर्ने, प्रमाणपत्र दिने लगायतका काम कारवाही नेपालको संविधानको धारा १३३ को उपधारा (२) (३) तथा धारा १३७ बमोजिम उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।'

### राज्यलाई झुठो विवरण दिएको स्वीकार

अदालतको यो फैसला पछि बल्ल कसुदार लामिछानेले आफुले राज्यलाई र आफ्ना मतदातालाई झुठो विवरण बुझाएको स्वीकार गरे। उनीबाट ले फैसलाको लगत्तै अर्थात शुक्रबार फैसला आयो, आइतबार जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगेर कानुन बमोजिम नागरिकता पुनः प्राप्ति गर्नूले पनि त्यसै भन्छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारीका अनुसार उनले नागरिकताको नियमावलीको नियम ११ अनुसार आवश्यक प्रक्रिया पुरा गरेर नागरिता पुनः प्राप्त गरेका हुन। यसअघि नेपालमा नागरिकता लिए पनि अमेरिका गएपछि उतैको नागरिकता लिएर बसेका उनी अमेरिकाको राहदानीमा नाता भिसामा नेपाल आएका थिए। त्यसैबेलादेखि उनको नागरिकता विवादमा आएको थियो। कानुन बमोजिम अमेरिकी नागरिकता त्यागेर नेपाली नागरिकता पुनः प्राप्ति नगरी पुरानै नागरिकताबाट दल खोल्ने चुनाव लडने, गृहमन्त्री हुने आदि अभ्यास भएका थिए। सवीच्चको फैसपाले त्यसलाई रद्ध गरिदियो। यसको आधार नेपालको नागरिकता ऐन, २०६३ को दफा १० थियो जसमा आफूखुसी विदेशी नागरिकता लिएमा अथवा एकैसाथ नेपाली र विदेशी मुलुकको नागरिक हुने अवस्थामा नेपाली नागरिकता नरोजेमा नेपाली नागरिकता कायम रहँदैन थियो। उनले अवैध भैसकेको नागरिकबाट लिएको नेपाली राहदानी पनि फिर्ता गरे। त्यसदिन उनी यो काम गर्ने निकाय राहदानी विभाग पुगे त्यस्तो राहदानी बुझाए र हिडे। यो भनेको यो बेलासम्म उनी अवैध काममा नै थिए। चोरेको कुरा फिर्ता हुनु एउटा कुरा हो भने चोरेवापत दण्डित हुनु अर्को । यस्तो दण्डबाट जोगिन फेरी उनी गृहमन्त्री हुने चर्चा छ। त्यस्तै भयो भने देशको सुशासनको अवस्था के होला ?

श्रोतः आइएनएस, स्वतन्त्र समाचार ।

# कामधन्दाको मारमा विद्यार्थी



टङ्कीसिनवारी, १८ माघ
विराटनगर महानगरपालिकाभित्र कतिपय बालबालिकाले अझै बाल अधिकारको पूर्ण उपयोग गर्न पाएका छैनन् । बालबालिकाबीचको विभेद, बाल श्रम, बाल विवाह जस्ता घट्ना दोहोरिने गरेको छ । अझ बालिकालाई घरको कामधन्दा सकेपछि मात्र विद्यालय जान पाइने सकस नगरक्षेत्रभित्र यथावत् नै छ ।

विराटनगर-७ मा आदर्श बालिका विद्यालय छ । बालिकामात्र अध्ययन गर्ने आदर्श विराटनगरको एक मात्र विद्यालय हो । विद्यालयमा तीन सय २५ बालिका अध्ययनरत छन् । कक्षा १ देखि कक्षा १० सम्म नेपाली माध्यममा यहाँ पढाइ हुन्छ ।

विद्यालयमा मुख्य गरी मधेसी, मुस्लिम, पिछडा र सीमान्तकृत समुदायका बालिका पढछन् । सरदर दैनिक २० देखि २५ बालिका कक्षामा हाजिर हुँदैनन् । घरको कामले नभ्याएर पनि कतिपय बालिका विद्यालय आउनबाट वञ्चित हुने गरेको आदर्शका प्रधानाध्यापक रमेश नेपालले बताए । उनले आदर्शमा अध्ययन गर्ने अधिकांश बालिकाका अभिभावक श्रमिक रहेको बताए । सबेरै उठेर काममा अभिभावक हिँड्नुपर्ने भएकाले कलिलो उमेरमा नै बालिकाले घरको काम सम्हाल्नुपर्ने स्थिति रहेको बताए ।

कक्षा ७ की १३ वर्षीया पिङ्की राजवंशीलाई विद्यालय आउनुअघि र विद्यालयबाट घर पुगेपछि कामको नै चटारो हुने गर्छ । विराटनगर-८ को अशोकचोक बस्ने राजवंशीको घरमा हजुरबुबा, हजुरआमा, बुबा, आमा र ६ वर्षको भाइ छ । राजवंशीको बुबा रमेश राजवंशी र आमा सन्तोषी राजवंशी कटहरी गाउँपालिकामा रहेको बाबा जुटमिलमा कार्यरत छन । राजवंशीका बुबाआमा बिहानै काममा जानु हुन्छ र अबेर राति घर फर्कन्छन ।

बिहान उठेर घरआँगन बढार्ने, लिपपोत गर्ने, पूजा गर्ने, चिया खाजा बनाउने, भाइको हेरचाह गर्ने र भात पकाएर हजुरबुबा हजुरआमालाई खुवाएर राजवंशी विद्यालय पुग्छन । विद्यालयबाट फर्केपछि पनि भात पकाएर बुबाआमालाई राजवंशीले पर्खने गर्छन । सुत्ने बेलामा विद्यालयको गृहकार्य गर्छन ।

दाउरामा भात पकाउनु पर्दा चिसो दाउरा नबलेर भात ढिलो पाक्दा विद्यालय छुट्ने गरेको गुनासो राजवंशी गर्छन ।

यस्तै कक्षा ८ मा पढ्ने १४ वर्षीया निर्विषा दुलालको आमा छैनन । दुलाल ठूलो बुबाको घरमा बस्नुहुन्छ । दुलाल पनि घरको कामधन्दा सकेर विद्यालय आउने गरेका छन । घरमा खाना पकाउने, सरसफाइ गर्ने, लुगा धुने दिनचर्या दुलालको रहेको छ । कामबाट समय बच्यो भने विद्यालय आउने दुलाल प्रायः विद्यालयमा अनुपस्थित छन ।

विराटनगर-४ स्थित बाल मन्दिर आधारभूत विद्यालयका प्रधानाध्यापक नेत्रप्रसाद पराजुलीले भर्ना भएपछि पनि बालबालिका विद्यालयमा नियमित हुन नसकेको बताउछन । उनले अनुपस्थित हुनेमा बालकभन्दा धेरै बालिका नै रहने गरेको सुनाए । उनले गरिबी, सचेतनाको अभावका कारण अभिभावकले पनि आफ्ना सन्तानलाई काममा लगाइदिने, घरको कामको जिम्मेवारी अबोध बालबालिकाले लिनुपर्ने समस्या अझै विद्यमान रहेको बताए ।

विराटनगर-२ स्थित शङ्करपुर आधारभूत विद्यालयका प्रधानाध्यापक दुर्गा पोखरेलले विद्यार्थीलाई विद्यालयमा नियमित गराउनु भनेको फलामको च्युरा चपाए झैं रहेको बताए । उनले विद्यालयमा अध्ययन गर्ने कतिपय बालबालिका महिनौंसम्म विद्यालयमा अनुपस्थित हुने बताए । एक त आधारभूत विद्यालय पढ्ने बालबालिका आफैं शारीरिक र मानसिक रूपमा कमजोर हुने त्यसमाथि पनि घरमा भात पकाउनेदेखि भाइबहिनी हेर्नुपर्ने जिम्मेवारीका कारण उनीहरूले पढ्ने वातावरण पाउन नसकेको बताए ।

पोखरेल भाडामा लिएको सिटी रिक्सा लिएर आफैं अनुपस्थित रहने विद्यार्थीको घर पुग्ने गर्छन । उनले अभिभावकलाई सम्झाइबुझाइ गरेर बहुसंख्यक अनुपस्थित रहने विद्यार्थीलाई विद्यालयमा फर्काएका छन । विराटनगर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाका अधिकृत कृष्ण भट्टराईले नगरक्षेत्रका सामुदायिक विद्यालयमा कतिपय विद्यार्थीले कक्षालाई निरन्तरता दिन नसकेको स्वीकार गरे । गरिबी र पछौटेपनका कारण अभिभावकले पनि विद्यार्थीलाई विद्यालय पठाउन नचाहेर घर वा बाहिरको काममा लगाउने गरेको बताए ।

भट्टराईले विद्यार्थीको अनियमित पठनपाठनका कारण सिकाइ क्षमतामा पनि गहिरो असर पर्ने गरेको बताउछन । उनले अभिभावकमा जागरुकता जारी छ भन्छन विद्यार्थीको शतप्रतिशत भर्ना अनि नियमित पठनपाठनका लागि महाशाखाले विभिन्न कार्यक्रम ल्याएको भट्टराईले बताए ।

महाशाखाले उपलब्ध गराएको तथ्याङ्कअनुसार विराटनगर महानगरपालिका क्षेत्रभित्रका आधारभूत तहको भर्ना दर ९०.१६ प्रतिशत, सामुदायिक विद्यालयमा कक्षा ६ देखि ८ मा ८३.४९, कक्षा ९ र १० मा ८१.२१ र कक्षा ११ र १२ को भर्ना दर ३४.६२ प्रतिशत रहेको छ । विराटनगर महानगरपालिकाभित्र आधारभूत र सामुदायिक ५६ विद्यालय छन् । यी विद्यालयमा १२ हजार एक सय ६८ बालिका र १२ हजार पाँच सय ८८ बालकसहित २४ हजार सात सय ५६ विद्यार्थी अध्ययनरत छन् । नगरक्षेत्रका १९ धार्मिक विद्यालयमा एक हजार ३६ बालिका र एक हजार एक सय ७३ बालक अध्ययनरत छन् । विराटनगर नगरक्षेत्रमा कूल ८४ संस्थागत विद्यालय छन् । यी संस्थागत विद्यालयमा १५ हजार एक सय ४५ बालिका र २० हजार तीन सय १३ बालक गरी कूल ३५ हजार चार सय ५८ विद्यार्थी अध्ययनरत छन् ।रासस

# "थोरै खाऔँ सही मात्रामा खाऔँ आयोडिनयुक्त नुन"

काठमाडौँ, १८ माघ
आयोडिनयुक्त नुनको थप प्रवर्द्धन तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले 'फेब्रुअरी' महिनालाई 'आयोडिन मन्थ'का रुपमा विभिन्न कार्यक्रम आयोजना गरी आजदेखि मनाउन सुरुआत गरिएको छ । नेपाल युनिभर्सल साल्ट आयोडाइजेसनको सदस्य देश हो । नेपालमा सन् १९९८ देखि 'फेब्रुअरी' महिनालाई ' आयोडिन मन्थ' का रुपमा मनाइँदै आइएको छ ।




विशेषगरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले स्वास्थ्य तथा जनस{्या मन्त्रालयसहित सम्बन्धित निकायका सहकार्यमा आयोडिनको कमीले हुने समस्यालाई निवारण गर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ । यस वर्षको नारा ' थोरै खाऔँ, सही मात्रामा खाऔँ, दुई बालबालिका चिह्न अङ्कित आयोडिनयुक्त नुन नै खाऔँ' भन्ने रहेको कर्पोरेसनले जनाएको छ ।

हाल आयोडिनको कमीबाट उत्पन्न विभिन्न समस्यामध्ये देखिने गलगाँड 'भिजिबल गोइटर' समुदायमा नदेखिएको कर्पोरेसनले जनाएको छ । सन् १९८६ मा देखिने गलगाँड ४४.२ प्रतिशत रहेकामा सन् २००७ मा ०.४ प्रतिशतमा झर्न सफल भएको थियो । सरकारले दिएको निर्देशनअनुसार कर्पोरेसनले आयोडिनयुक्त नुनको आपूर्ति गर्दै आएको छ ।

सरकारले उचित मात्रामा आयोडिन भएको नुन उपभोग गर्ने घर संख्या शतप्रतिशतमा पुऱ्याउने नीति लिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सर्वेअनुसार हाल ९१.० प्रतिशत घरपरिवारले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरिरहेका छन् ।

यसैगरी सन् २०१६ को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका अनुसार ९४.५ प्रतिशत ५ वर्षमुनिका बालबालिकाले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरेका छन् । अतः यस उपलब्धिलाई जोगाइराख्न सम्बन्धित सबै निकायहरुको ध्यान दिनु जरुरी देखिएको छ, कर्पोरेसनद्वारा आज यहाँ जारी विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा कर्पोरेसनले आयोडिनको कमीबाट हुने शारीरिक एवं मानसिक कमजोरीका विषयमा जनचेतनामूलक कार्यक्रमबाट जानकारी दिन शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी तथा जनसमुदायहरुलाई क्रमशः स्वास्थ्य संस्था, विद्यालयमा कार्यक्रम, हाटबजारमा माइकिङ, चेतनामूलक सामग्री वितरण, प्रदर्शनी कक्षराख्ने, जस्ता गतिविधि महिनाभर सञ्चालन गर्ने जनाएको छ । सरकारले देशभर आयोडिनयुक्त नुनको आपूर्तिको जिम्मेवारी कर्पोरेसनलाई दिएको छ । कर्पोरेसनले ग्रामीणस्तरसम्म आयोडिनसम्बन्धी चेतनामूलक गतिविधिका साथै दुई बालबालिका चिह्न अङ्कित ' पाकेट' नुन सुलभ मूल्यमा बिक्री वितरण तथा जनचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । विगत ५९ वर्षदेखि कर्पोरेसनले नुनको आपूर्ति गर्दै आएको छ । आयो, न्यू शक्ति, तेज र भानु नुन प्याकेटमा बिक्री गर्दै आएको कर्पोरेसनले वार्षिक वार्षिक दुई लाख मेट्रिक टन नून कारोबार गर्ने जनाएको छ ।सोही अवसरमा आयोडिनसम्बन्धी चेतनामूलक सन्देश लेखिएको शपिङ झोला, स्कुल झोला, टी-सर्ट तथा पम्प्लेट जस्ता सामग्री वितरण गर्न विभिन्न विद्यालय तथा हाट बजारमा टोली खटाइने कर्पोरेसनले जनाएको छ । ती टोलीले ती स्थानमा उक्त अवसरमा आयोडिनको महत्वबारे जनचेतना जगाउन कार्यक्रम सञ्चालन गर्नेछन् ।रासस

# दुई वर्षदेखि बाँकेमा चैते धान उत्पादन



नेपालगञ्ज, १८ माघ
दुई वर्षदेखि बाँकेका किसानहरुले चैते धान उत्पादन गर्न थालेका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, नेपालगञ्जले जिल्लाको बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका र जानकी गाउँपालिकामा धान जोन सुरु गरेपछि ती क्षेत्रमा चैते धान उत्पादन थालिएको हो ।

वर्षे धान सीमित मात्रामा उत्पादन हुँदा भारतबाट ठुलो परिमाणमा चामल आयात गर्नुपर्ने भएपछि वैकल्पिक धानको उत्पादनमा जोड दिइएको परियोजना कार्यान्वयन इकाई, नेपालगञ्जका प्रमुख राकेश ओझाले बताए ।

परियोजना सञ्चालन भएको पकेट क्षेत्रमा किसान छनोट गरी उनीहरुलाई धानको बीउ, विषादी र मलखाद निःशुल्क उपलब्ध गराइएको छ । पकेट क्षेत्रमा हर्दिनाथ र हाइब्रिड–१ नामक धानको खेती हुने गरेको छ ।

हाल धान जोन कार्यक्रम सात हेक्टर जमिनमा छ । यसलाई अझै विस्तार गर्ने लक्ष्य रहेको परियोजना इकाइ कार्यान्वयन कार्यालयले जनाएको छ ।किसानलाई प्रविधिका बारेमा जानकारी दिँदै धान जोनमा विभिन्न बालीको प्रर्दशनी गरेर आर्कषण बढाउने योजना छ, ओझाले भने ।

उनले किसानलाई कृषि यान्त्रिकीकरणमा ५० प्रतिशत, साना सिँचाइमा ५० प्रतिशत र आधुनिक मेसिनमा ५० प्रतिशत सुविधा उपलब्ध गराइएको जानकारी दिए । उनका अनुसार अहिले किसानलाई साना सिँचाइ र मलको आवश्यकता छ ।

जिल्लाको बैजनाथ गाउँपालिका-२, ३ र ४ को नौवास्ता, वडा नं ७ को वनकटवा, वडा नं ८ को टिटिहिरियामा सात हजार चार सय २३ घरधुरी धान जोन कार्यक्रममा संलग्न छन् ।

जानकी गाउँपालिका-१ को साइगाउँ, वडा नं २ को बेलाभार, वडा नं ३ को नेपालगञ्ज र वडा नं ४ को खजुराखुर्दमा चार हजार सात सय ८७ घरधुरी छन् । त्यस्तै खजुरा गाउँपालिका वडा नं २ को खजुराखुर्द, वडा नं ४ को सीतापुरमा तीन हजार तीन सय ४४ घरधुरी सो कार्यक्रममा संलग्न भएका परियोजना कार्यान्वयन इकाइले जनाएको छ ।

धान जोन समन्वय समितिका संयोजक सर्वजीत विष्टले वर्षे धान भन्दा चैते धानको उत्पादन बढी भएको बताउनुभयो । उहाँले किसानलाई ७५ प्रतिशत अनुदानमा सिँचाइ योजना उपलब्ध गराउन सम्बन्धित निकायलाई आग्रह गर्दै नहर भएको ठाउँमा खेती सफल हुने बताए। धानको बिक्रीवितरणका समयमा बिचौलियाले धेरै नाफा लिने भएकाले बजारीकरणमा सरकारले ध्यान दिनुपर्ने किसानहरुको भनाइ छ ।रासस

# गोलभैँडाको उचित मूल्य नपाउँदा किसान मर्कामा



सर्लाही, १८ माघ
गोलभैँडाको उचित मूल्य नपाएपछि लालबन्दीका किसान मर्कामा परेका छन् ।

भारतबाट गोलभैँडा बजारमा भित्रिन थालेपछि जिल्लामा उत्पादित गोलभैँडाले मूल्य पाउँन नसक्दा उनीहरु मर्कामा परेका हुन् । हाल किसानहरुले गोलभैँडा प्रतिक्रेट रू एक सय ५० देखि दुई सय सम्ममा बिक्री गरिरहेका छन् ।

प्रतिकेजी रू छ देखि आठमा बेच्नुपर्दा लागत उठाउन मुस्किल भएको हरिवन नगरपालिका-२, आँमटोलका किसान रामपुकार महतोले गुनासो गरे ।

सुरुमा एक क्रेटको रू एक हजार दुई सयसम्म हुन्थ्यो तर अहिले एक सय ५० मा बेच्नु परेको छ, उनले भने । भारतबाट गोलभैँडा भित्रिदा यहाँका किसान मारमा परेका उनको भनाइ थियो ।

लालबन्दी नगरपालिका-१०, तुलसी टोलका किसान प्रेम श्रेष्ठले क्रेटको रू डेढ सयका दरले बेच्नु पर्दा लागत उठाउन नै समस्या भइरहेको बताए । उनका अनुसार काठमाडौँका व्यापारीले पनि किसानबाट सस्तोमा गोलभैँडा किन्ने गरेका छन् ।

लालबन्दी नगरपालिका-१ नवलपुरका किसान रामचरित्र कुशवाहले १० कठ्ठामा गोलभैँडा खेती गरेका छन । बजारमा व्यापारीले भारतीय गोलभैँडा सस्तोमा आइरहेको छ भन्दै हाम्रो गोलभैँडा लिन मानिरहेका छैनन,उनले भने ।

खेतमा पाकेका गोलभैँडा तत्काल बिक्री नगरे नष्ट भएर जाने भएकाले किसान व्यापारीले भनेकै मूल्यमा बिक्री गर्न बाध्य छन् ।

पछिल्लो समय बिचौलिया सक्रिय हुँदा किसान मारमा परेका कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीका बजार व्यवस्थापक शम्भुप्रसाद घिमिरेले बताए ।

बजारमा अहिले भारतीय गोलभैँडा धेरै भित्रिएको छ, जिल्लामा पनि धेरै नै उत्पादन हुँदा किसानले उचित मूल्य पाउन नसकेका कृषि थोक तरकारी बजार व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका व्यापारी तोरनबहादुर मगरले बताए ।

जिल्लाको लालबन्दी, रानीगन्ज, पत्थरकोट,चन्द्रपुर,हीरापुर,नवलपुर, अत्रौली, सासापुरलगायतका क्षेत्रमा गोलभैँडाको व्यावसायिक खेती गरिन्छ ।

लालबन्दी बजारबाट अहिले दैनिक २५ देखि ३० टन गोलभैँडा काठमाडौँको कालीमाटीलगायत देशका प्रमुख बजारमा निर्यात भइरहेको कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीले जनाएको छ ।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहले कृषि बजार निर्देशनालय, नगरपालिका, व्यापारी र किसानले संयुक्त रुपमा बजार भाउ तोक्नुपर्ने बताउछन ।

स्थानीय सरकारले बेवास्था गर्दा आफूहरु मर्कामा परेको किसानहरुको गुनासो छ ।रासस

# कृषिजन्य वस्तुको पकेट क्षेत्र घोषणा र निर्यात

जाजरकोट, १८ माघ
कृषि क्षेत्रमा आत्मनिर्भर हुन नलगाड नगरपालिकाले १० वटा बालीको पकेट क्षेत्र बनाएर काम थालेको छ ।

आयतित वस्तुलाई भन्दा आफ्नै उत्पादनमा जोड दिएर कृषिजन्य वस्तु उत्पादन गरी निर्यात गर्ने उद्देश्यले विभिन्न बालीको पकेट क्षेत्र बनाएर काम थालिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरीले जानकारी दिनुभयो । नगरभित्रबाट मह, लसुन, मकैलगायत वस्तु जिल्ला बाहिर बिक्री हुने गरेको उनले बताए ।

नगरपालिकाले मौरीपालन पकेट क्षेत्रका रूपमा वडा नं १, २ र ४ लाई लिएको छ । सुन्तला पकेट क्षेत्रका रुपमा वडा नं ३, अलैचीका लागि वडा नं ३, लसुनका लागि ९, १० र ११ वडालाई पकेट क्षेत्रका रूपमा लिइएको छ। त्यस्तै धानका लागि वडा नं ७ र ८, मकैका लागि वडा नं ५, आलुका लागि ३ र ६ नं वडालाई पकेट क्षेत्रकारूपमा लिइएको छ । कागतीका लागि वडा नं ५, फलफूलका लागि वडा नं १३, तरकारी का लागि २, ४, ५, ७ र ८ नं वडालाई पकेट क्षेत्रका लिइएको छ ।

क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत छ हेक्टर जमिनमा हिउँदे आलु, १० हेक्टर जमिनमा उन्नतजातको गहुँको बीउ उत्पादन, एक सय ९० हेक्टरमा उन्ततजातको तोरीको बीउ उत्पादन गरिएको छ। त्यस्तै छ हेक्टर जमिनमा प्याजको उन्तत बीउ, १० हेक्टर जमिनमा लसुनको बीउ लगाइएको छ । त्यस्तै नलगाड नगरपालिका वडा नं ७ मा छ हेक्टरमा गहुँको मूलबीउ उत्पादन भइरहेको छ। त्यस्तै वडा नं ४ को ४० हेक्टर जमिनमा तोरीको मूलबीउ उत्पादन भइरहेको कृषि शाखाका बालकृष्ण आचार्यले बताए । प्याज, रायो र मुलाको उन्नत बीउसमेत वडा नं ५ को रानीखेतमा उत्पादन भइरहेको छ । स्थानीय सरकार सञ्चालन भएपछि कृषिमा लगानी बढाएसँगै यहाँ उत्पादन दरसमेत बढेको प्रशासकीय अधिकृत गिरीले उल्लेख गरे ।





# नागरिकताको माग गर्दै समितिले बुझायो ज्ञापन



मधेशदृष्टि
जनकपुरधाम, १८ माघ । जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिक उपलब्ध गराउन माग सहित संघीय सरकारका कानुनमन्त्री ध्रुवबहादुर प्रधानलाई नागरिकताविहिन संघर्ष समितिले ज्ञापनपत्र बुझाएका छन् ।

कानुनमन्त्रीको कार्यालयमै गएर समितिका राष्ट्रिय अध्यक्ष इन्द्रजीत साफीसहितका पदाधिकारीले जन्मसिद्ध नागरिकका सन्तान तथा एक महिलाका सन्तानलाई नागरिकता प्राप्तिका लागि पहल गरिदिन माग सहित ज्ञापनपत्र बुझाएका हुन् ।नागरिकता बिहिनहरुले लामो समयसम्म गरेको संघर्षपश्चात यसअधिका सरकारले दुई पटक प्रतिनिधिसभा तथा राष्ट्रिय सभाबाट नागरिकता विधेय पास गरी प्रमाणीकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पठाएको भएपनि प्रमाणीकरण नगरी त्यसै रोकिएको जानकारीसमेत ज्ञापनपत्रमा उल्लेख छ । नागरिकता नहुँदा आफ्नै देशमा शरणार्थीभन्दा पनि नाजुक जीवन जीउन बाध्य रहेकाले तत्कालका लागि नागरिकताजस्तै वैधता कार्ड भएपनि उपलब्ध गराइदिन भनिएको छ ।

# भ्रष्टाचार गरेको भन्दै प्रअलाई कालोमोसो दलियो



मधेशदृष्टि
जनकपुरधाम, १८ माघ ।
धनुषाको शहीदनगर नगरपालिका वडा नम्बर-७ धवौलीस्थित एसएनआर जनता माविका प्रधानाध्यापक श्रीप्रसाद गोहिवारसँग विद्यार्थीहरुले कालोमोसो दलेका छन् । प्रधानाध्यापक गोहिवारले विद्यालयको पठनपाठन अस्तव्यस्त बनाउनुका साथै करोडौं रूपैयाँ भ्रष्टाचार गरेको भन्दै विद्यार्थीले उनको शरीरमाथि कालोमोसो फालेका हुन् । उनीहरुले विद्यालयमा तालाबन्दीसमेत गरेका छन् ।

विद्यार्थीहरुले प्रधानाध्यापक गोहिवारले चरम लापरबाही गर्ने गरेकाले अर्को प्रधानाध्यापक नआएसम्म विद्यालयमा तालाबन्दी जारी राख्ने चेतावनी दिएका छन् । प्रधानाध्यापक गोहिवारसँग विद्यालयको पठनपाठन सुधार गर्न र हरहिसाब सार्वजनिक गर्न पटक-पटक आग्रह गर्दा पनि उनले बेवास्ता गर्दै आएकोले आफूहरुलाई बाध्य भएर आन्दोलन गर्नुपरेको विद्यार्थी सुजितकुमार मण्डलले बताए ।उनले भवन निर्माण, छात्तवृत्ति, पोशाक वितरण, कम्प्यूटर खरिद लगायतका शिर्षकमा प्रधानाध्यापक गोहिवारले करोडौं रुपैयाँ भ्रष्टाचार गरेको आरोप समेत लगाएका छन् । छात्रवृत्ति वितरण र पाठ्यपुस्तकको भर्पाई, धानबालीबाट भएको आम्दानी र खर्च विवरण, खाजा व्यवस्थापन खर्चको विवरणलगायत सबै हरहिसाब सार्वजनिक गर्नुपर्ने माग उनले गरेका छन् ।अभिभावक दीपेश यादवले पनि प्रधानाध्यापक गोहिवार आएदेखि विद्यालयमा अहिलेसम्म अभिभावक भेला नगरेको गुनासो सुनाए । सरकारले विद्यालयमा बालबालिकाका लागि खाजाको व्यवस्था गरेपनि प्रधानाध्यापक गोहिवारले कहिल्यै खाजा नखुवाएको आरोप समेत उनले लगाएका छन् ।

# लामिछानेले खाली गरेनन् मन्त्री क्वार्टर
## रास्वपा खारेज गर्न आयोगमा उजुरी



मधेशदृष्टि
जनकपुरधाम, १८ माघ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मन्त्री पदबाट राजीनामा दिएको हप्ता दिन बित्न लाग्दा पनि मन्त्री क्वार्टर छाडेका छैनन् ।

सर्वोच्च अदालतको फैसलाबाट उनी अनागरिक भएपछि उपप्रधानसहित गृहमन्त्रीबाट गत शुक्रवार राजीनामा दिएका थिए । राजनीनामा दिएको हप्ता दिन बित्न लाग्दा पनि अहिलेसम्म मन्त्री क्वार्टर खाली नगर्दा आलोचना शुरु हुन थालेको छ ।

सर्वोच्च अदालतले लामिछानेको उम्मेदवारी खारेज गर्दै नागरिकता लिन प्रक्रिया थाल्ने फैसला गरेपछि मन्त्रीसहित सांसदको पद गएको थियो । उपप्रधानसहित गृहमन्त्री गुमाएका लामिछानेले भने मन्त्री क्वार्टर नछोडेर त्यहीँ बस्ने गरेका छन् । पार्टी सभापतिले मन्त्री क्वार्टर अहिलेसम्म नछोड्नु दुःखद भएको केन्द्रीय सदस्य गणेश कार्कीले बताएका छन् ।

उनले भने 'पुराना दल ठिक भएनन् भनेर हामीले नयाँ संस्कार सिकाउन राजनीति थाल्यौँ' तर, हामी पुरानो दलभन्दा फरक हुन सकिएन । यो दुःखद पक्ष हो ।' मन्त्री पदबाट राजीनामा दिने बित्तिकै मन्त्री क्वार्टर छोडेको भए सारै राम्रो हुने भन्दै कार्कीले दुःख व्यक्त गरे ।

यसैबीच लामिछाने नेतृत्वमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी खारेज गर्न माग गर्दै निर्वाचन आयोगमा उजुरी परेको छ ।

बुधबार युवराज पौडेल सफलले राष्ट्रिय स्वतन्त्र पार्टी खारेज गर्न माग गर्दै निर्वाचन आयोगमा उजुरी दर्ता गराएका हुन् । पौडेलले पार्टीका सभापति रवि लामिछानेको नागरिकता सर्वोच्च अदालतले अवैधानिक ठहर गरेको र सोही नागरिकता पेस गरी उनले गरेका निर्णयहरु अवैध हुने भएको भन्दै तत्काल पार्टी खारेजको माग गरेका छन् ।

'रवि लामिछानेलाई सर्वोच्च अदालत संवैधानिक इजलासको मिति २०७९/१०/१३ गतेको फैसलाले अनागरिक भएको ठहर गरेको, निजले दल दर्ता गर्दा एवं सांसदको उम्मेदवार बन्दा पेश गरेको नागरिकता कानुनतः अवैधानिक रहेकोले सोही अवैधानिक नागरिकता पेश गरी निजको अध्यक्षतामा बैठक बसी दल खोल्ने गरेको निर्णय, निजले गरेको हस्ताक्षरसमेत अवैधानिक ठहर भएको छ,' निवेदनमा भनिएको छ ।

# महोत्तरीबाट १० बिचौलिया पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, १८ माघ । महोत्तरी प्रहरीले मालपोत र जिल्ला प्रशासन कार्यालय सहितका सरकारी कार्यालयहरुबाट दुई दिनमा दश जना बिचौलियाहरुलाई पक्राउ गरेको छ ।जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरी टोलीले जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट सोमबार पाँच जना र भुमिसुधार तथा मालपोत कार्यालय महोत्तरी जलेश्वरबाट पाँच जना गरि १० जनालाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी संतोषकुमार पोखरेलले मंगलबार जलेश्वर नगरपालिका-२ स्थित भुमिसुधार तथा मालपोत कार्यालय जलेश्वर अगाडि कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई काम छिटो छरितो गराई दिने भनि प्रलोभन देखाई पैसा बार्गेनिङ गरिरहेको गोप्य सूचनाको आधारमा पाँच जनालाई पक्राउ गरिएको जनाए । पक्राउ पर्नेहरुमा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट मटिहानी नगरपालिका वडा नं ९ बस्ने ५२ वर्षीय अजिमउदिन अंसारी, भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरी, जलेश्वरबाट सोनमा गाउँपालिका वडा न. २ बस्ने ३५ वर्षीय रोशन कुमार यादव, जलेश्वर नगरपालिका वडा न. १ बस्ने ३० वर्षीय बिक्रम चौधरी, औरही नगरपालिका वडा नं. ४ बस्ने ५४ वर्षीय सुरेश यादव र बलवा नगरपालिका वडा नं. १० बस्ने ३८ वर्षीय अमित कुमार मल्लिक रहेका छन् । काम छिटो गराईदिन्छु भनि प्रलोभन देखाई पैसा मागी बार्गेनिङ गरिरहेकै अवस्थामा पक्राउ परेका पाँचै जना बिचौलियालाई जिल्ला प्रशासन कार्यालय महोत्तरी जलेश्वरमा उपस्थित गराई सार्वजनिक शान्ति विरुद्धको कसुर मुद्दामा सात दिन म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

यसअघि सोमबार प्रहरीले महोत्तरी गाउँपालिका-४ बस्ने नागेन्द्र पासवान, मटिहानी न.पा.-२ बस्ने उदयशंकर यादव, जलेश्वर नगरपालिका-२ बस्ने विनोद साह, विनोदकुमार महतो र रामगोपालपुर नगरपालिका-८ बस्ने विशम्भरप्रसाद साहलाई पनि बिचौलियको काम गर्ने गरेको आरोपमा पक्राउ गरेको थियो । सेवाग्राहीको काम कार्यालयमा आफै पुगेर गरिदिने, सेवाग्राहीसँग बढी रकम लिने लगायतका गुनासो आएपछि निगरानी राखेर उनीहरूलाई पक्राउ गरिएको जानकारी प्रहरीले दिएको छ ।

सेवाग्राहीको बढी भिडभाड हुने गरेको फाईदा उठाउँदै बिचौलियाहरु सक्रिय भएको जनगुनासो आउन थालेपछि प्रहरीले सोको रोकथापका लागि यो कदम उठाएको जनाएको छ ।

# हिरासतबाट फरार भएका मध्ये ३ जना पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, १८ माघ ।
प्रहरीले इलाका प्रहरी महेन्द्रनगरको हिरासत कक्षको भित्ता फोडेर फरार भएका ६ जना थनुवाहरुमध्ये ३ जनालाई पक्राउ गरेको छ ।

फरार थुनुवामध्ये पक्राउ पर्नेहरुमा मिथिला नगरपालिका वडा नम्बर-२ का २५ वर्षीय हरिदिप सिंह, २५ वर्षीय अमित मण्डल र मिथिला नगरपालिका वडा नम्बर-६ का २८ वर्षीय रोशनकुमार महतो रहेको जनाइएको छ ।

अभद्र व्यवहार तथा शान्ति सुरक्षाविरुद्धको मुद्दाका हरिदिपलाई मंगलबार राति र अमितलाई मंगलबार दिउँसो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए । त्यस्तै हातहतियार खरखजाना मुद्दाका रोशनलाई सोमबार साँझ नै प्रहरीले पक्राउ गरेको थियो ।

गत सोमबार इलाका प्रहरी कार्याललय महेन्द्रनगरको हिरासत कक्षको भित्ता फोडेर विभिन्न मुद्दाका ६ जना फरार भएका थिए । जसमध्ये ३ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ भने बाँकी ३ जनाको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## मन्त्रालयहरु सार्ने ......................

बढी क्षेत्रफलको जग्गाको विवरण माग गरेका थिए । सो विवरण सहित जनकपुरधामस्थित प्रदेशसभा भवन अगाडि पोखरी छेउमा रहेको गुठीको जग्गा, कुवारामपुरमै एयरपोर्ट नजिकै दक्षिणमा रहेको जग्गा र मिथिला नगरपालिकाको ढल्केवर नजिकै करिब ५० बिगाहा सार्वजनिकको निरिक्षण समेत गरेको थियो ।

समितिका संयोजक यादवले 'हामीले प्रदेशका राजधानी क्षेत्र अन्तर्गतका धनुषा र महोत्तरी मालपोत तथा नापी कार्यालयबाट खाली जग्गाको रिपोर्ट मगाइ अध्ययन तथा निरीक्षण गरिसकेका छौं । जसमा जचुकालिको जग्गादेखि जनकपुरधाम स्थित ५२ विग्घा, चरण कार्यालय, प्रदेश सभा अगाडि रहेको खाली जग्गा, ढल्केवर लगायतका करिब एक दर्जन जग्गा उल्लेख गरिएको छ । तर ती सबै जग्गामा जचुकालिको जग्गा नै उपयुक्त देखिएको भनेका थिए । संयोजक यादवले 'अधिकांश पूर्वाधार तयार नै रहेको र राजधानीको मूल शहरको बीचोबीचमा पर्याप्त जग्गा रहेको कारण अध्ययन समिति, सरकारका मन्त्रीहरू र अधिकांश सांसदहरूको मनस्थिति पनि जचुकालि नै रहेको बताएका थिए । जनकपुर चुरोट कारखानाको करिब ३१ बिघा जमिनमध्ये २५ बिघामा अहिले मधेश सरकारले उपभोग गर्दै आएको छ । जनकपुर चुरोट कारखानाको पुरानो भवनलाई मर्मत सम्भार गरी त्यसलाई मधेश भवनको संज्ञा दिएर प्रदेश सरकारले आफ्ना काम कारबाही सञ्चालन गर्दै आएको छ ।

## कथित सुकुम्बासी जग्गाको ......................................

काम गरेको भन्दै राष्ट्रिय भूमि आयोग बारा जिल्ला कार्यसमिति सदस्य कुमार लामाले पनि विरोध जनाएका छन् । लामाले 'यो सरासर गलत काम हो, आयोगलाई नै जानकारी नगराई विमानस्थलको जग्गामा संघीय मन्त्री, प्रदेशसभा सदस्य र वडाध्यक्षले के आधारमा जग्गा बाँडनु भयो, लोकप्रियताको लागि जे पनि गर्न पाईन्छ त भन्ने प्रश्न गरेका छन् ।

यता डिभिजन वन कार्यालयले राष्ट्रिय वन क्षेत्रहरु विकराल अतिक्रमणको चपेटामा पर्दै आएकै बेलामा केही राजनीतिक दलका अमुक व्यक्तिहरुले राष्ट्रिय वन क्षेत्रभित्र रहेका टंगिया वस्ती लगायतका तथाकथित सुकुम्बासीहरुको नाममा राष्ट्रिय वनको जग्गाको निस्सा वितरण गर्नु गलत रहेको भन्दै स्थानीय तहसँग समन्वय गरी निस्सा बाँडिएको लगत तयार गरी ३ दिनभित्र जानकारी गराउन सब डिभिजन वन कार्यालयहरुलाई पत्राचार गरी निर्देशन दिएका छन् ।

सो पत्रमा वन ऐनमा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको जग्गा कसैले पनि दर्ता गराउन पाउने छैन, यो कानून अपराध हो । यदि कसैले दर्ता गराउन्छ भने स्वतः बदर हुने चेतावनी समेत दिइएको छ । वन अधिकृत विनोद सिंहले भने 'मन्त्रीज्यूले जग्गा दिनुभयो भन्दैमा जनता लहैलहैमा लाग्नु हुँदैन, यदि लाग्नुभयो भने पनि जनताको नाममा त्यो जग्गा आउनै सक्दैन स्वतः बदर भएर जान्छ ।' उनले भने संघीय मन्त्री आफै उपस्थित भएर राष्ट्रिय वन क्षेत्रभित्रको जग्गा बाँड्नु दण्डनीय अपराध भएकोले यो अपराध क्षम्य हुनेछैन । कानुन भन्दा माथि कोही हुँदैन चाहे मन्त्री होस् वा माननीय होस ।

राष्ट्रिय भूमि आयोगका बारा जिल्ला अध्यक्ष छबिलाल उप्रेतीले संघीय सरकारका कृषि मन्त्रीले कानुन मिचेर विमानस्थल बन्ने जग्गामा आफै उपस्थित भएर निस्सा वितरण गर्नु लज्जास्पद भएको टिप्पणी गरेका छन् ।

अन्तर्राष्ट्रिय विमानस्थलकै जग्गा हो ? २०६५ साल पुष २ गते सरकारले मन्त्रिपरिषद्को निर्णय मार्फत टाँगियावस्ती सहितको भूभागलाई समेटेर अन्तर्राष्ट्रिय विमानस्थल बनाउन सो क्षेत्रमा सम्भाव्यता अध्ययन गर्ने निर्णय गरेको थियो । सो निर्णय बमोजिम टाँगियावस्ती सहितको भूभागलाई २०७१ चैत ३० गते अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा रहने सरकारले घोषणा गरेको थियो ।

विमानस्थल निर्माण गर्ने भनिएको भूभागमा टाँगियावस्ती, मटियानी र काँटगाँउ छन् जसमा टाँगियावस्तीमा मात्रै १ हजार ६६५ ९वडाले संकलन गरेको तथ्याकंको आधारमा घरधुरी रहेका छन् भने काँटगाँउमा ११० घरधुरी र मटियानीमा ३९ घरधुरी रहेका छन् । सरकारले विमानस्थल निमार्णको लागि काँटगाँउको नम्बरी जग्गामा बसोबास गर्नेहरुलाई जग्गाको मुआब्जा समेत वितरण गरिसकेको छ ।

पछिल्लो समय सर्वोच्च अदालतले फैसलापछि गठित विज्ञ समितिले निजगढमै अन्तरष्ट्रिय विमानस्थल बन्न सक्ने प्रतिवेदन दिँदा टाँगिया बस्तीमा धावनमार्ग बनाउन सिफारिस गरेको थियो ।

उता, टाँगियाबस्ती सरोकार समितिले २ बिघा ५ कठ्ठाका दरले जमिन दिनुपर्ने, एक घर एक रोजगारको व्यवस्था गर्नुपर्ने, पूनस्थापना गर्दा १८ महिना खान पुग्ने रासन उपलब्ध गराउनुपर्ने, घर सार गर्दा लाग्ने खर्च सरकारले बेहोर्नुपर्ने, भौतिक पूर्वाधार सहितको बस्ती बसाउनुपर्ने, बारा जिल्लाभित्रै जमिन उपलब्ध गराउनुपर्ने लगायतका माग गर्दै आएका छन् ।

सरकारले अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि उत्तरमा महेन्द्र राजमार्गको पसाहा खोलादेखि बकैया नदीसम्म, पूर्वमा महेन्द्र राजमार्गको बकैया नदीको पुलबाट ८ किलोमिटर दक्षिण, पश्चिममा पसाहा खोलाको पुल हुँदै ६ किलोमिटर दक्षिण खोलाको सिमाना साबिक हरैया गाविससम्म र दक्षिणमा जैतापुरदेखि सिधा पूर्वतर्फ करैया, ककडी र डुमरवाना, सपही गाविसको वकैया नदिको किनारसम्म चारकिल्ला तोकेको हो ।



# सम्भावित ठूलो आतंककारी हमलालाई प्रहरीले असफल तुल्यायो

नयाँ दिल्ली, १८ माघ

पाकिस्तानको एक प्रहरी चौकीमा हमला गर्न आएका आतङ्ककारीको प्रयासलाई यहाँको प्रहरीले असफल तुल्याइदिएको बताएका छन् । पेशावरमा हमला गरेर कैयौँ मानिसको ज्यान लिएको केही दिनपछि पाकिस्तानको पूर्वी प्रान्त पञ्जावमा रहेको एक प्रहरी चौकीमा मङ्गलबार मध्यरातितिर ठूलो संख्याका आतङ्ककारीहरु शक्तिशाली हतियार लिएर त्यहाँ पुगेका थिए ।मध्यरातिमा शक्तिशाली हतियार ल्याएर ठूलो संख्यामा आएका उनीहरुको प्रयासलाई असफल



तुल्याएको पञ्जाव प्रान्तको प्रहरीले जनाएको छ। पञ्जावको प्रान्तीय प्रहरीका प्रवक्ता अनबर असमानले सो प्रहरी चौकीमा ठूलो संख्यामा प्रहरी रहेका र रातिको समयमा सो चौकीमा क्षति पुऱ्याउने गरी आएका आतङ्ककारीको प्रयासलाई असफल तुल्याएर ठूलो मानवीय क्षति हुनबाट जोगाएको बताए ।सो प्रहरी चौकीमा यसअघि पनि आक्रमणको प्रयास गरेका थिए र प्रहरीले यसैगरी असफल तुल्याएको थियो । त्यसैले यस पटक आतङ्ककारीहरु ठूलो संख्यामा आएका बताइएको छ ।रातिको समयमा प्रहरी चौकीमा आक्रमण सुरु गरेका आतङ्ककारीहरुलाई प्रहरीले प्रतिकार गर्दा कैयौँ आतङ्ककारी घाइते भएका पनि प्रवक्ता अनबरले जानकारी दिए । रासस/सिन्ह्वा

# राष्ट्रिय महिला भलिबल प्रतियोगिता माघ २१ देखि २४ गतेसम्म

काठमाडौँ, १८ माघ

शेरबहादुर खड्का स्मृति प्रतिष्ठानको आयोजना हुने छैटौँ संस्करणको राष्ट्रिय महिला भलिबल प्रतियोगिता यसै सातादेखि सुरु हुने भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सञ्चालन हुने उक्त प्रतियोगिता यही माघ २१ देखि २४ गतेसम्म हुने आयोजक प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा विभिन्न ६ टोलीको सहभागिता रहेको छ । यसमा साबिक विजेता सशस्त्र प्रहरी बलको एपिएफ क्लब, न्यू डायमन्ड युथ स्पोर्टस क्लब,



नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश भलिबल सङ्घ र एभरेष्ट भलिबल क्लब छन् । नेपाल भलिबल सङ्घको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी 'लिगकम नकआउट'का आधारमा खेल सञ्चालन गरिनेछ । प्रतियोगिताको विजेताले रु तीन लाख पुरस्कार पाउनेछन् भने उपविजेताले रु एक लाख ५० हजार पाउनेछ्न । त्यस्तै तेस्रो हुने टोलीलाई रु ७५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।रासस

# अन्तर्राष्ट्रिय हवाई यातायातमा विम्ब बनेको अन्तिम जम्बो जेटको कारुणिक बिदाई

सियाटल, १८ माघ

अन्तर्राष्ट्रिय हवाई यातायातमा द्रुत उडानको विम्ब बनेको जम्बो जेट ७४७को विधिवत् बिदाई गरिएको छ । बोइङले आफ्नो अन्तिम उत्पादन अर्थात् १५७४ औँ जम्बो जेट ७४७ विमान वासिङ्टन राज्यको पुगेट साउण्ड क्षेत्रमा क्रेतालाई हस्तान्तरण गरेर बिदा गरेको हो। पचपन्न वर्षदेखि बोइङका विमान बनाउन खटेका हजारौँ कामदारले भावुक भएर जम्बो जेटलाई बिदा गरेको दृश्य कारुणिक थियो ।

भीमकाय भएपनि चित्ताकर्षक जम्बो जेटले २०२६ सालमा पहिलो सेवा प्रारम्भ गरेको थियो। मालबाहक विमानका रूपमा उडान भरेको जम्बो जेट पछि व्यावसायिक उडानमा उपयोग गरियो। पाँच सय यात्री बोक्ने क्षमताको विशाल विमान अमेरिकी अन्तरिक्ष अनुसन्धान तथा वायुयान प्रशासनका उपकरण बाहक मात्र बनेन अपितु अमेरिकी राष्ट्रपतिको आधिकारिक विमान 'एयरफोर्स वान'बनेर विश्व यात्रा गऱ्यो । हवाई यात्रामा क्रान्ति ल्याएको जम्बो जेट अन्तर्राष्ट्रिय शहरहरूलाई जोड्ने भरपर्दो माध्यम बन्यो। त्यसअघि विश्वका प्रमुख शहरहरू सिधा हवाई सम्पर्कबाट कहिल्यै जोडिन पाएका थिएनन्।



समयको प्रवाहसँगै अमेरिकी कम्पनी बोइङको सौता एयरबस युरोपमा जन्मियो । विगत १५ वर्षदेखि प्रमुख प्रतिद्वन्द्वी बनेको एयरबसले कम इन्धनमा लामो समय उडान भर्नसक्ने क्षमता भएका फराकिला यात्री विमान निर्माण गर्न थाल्यो । चार इञ्जिनयुक्त बोइङका ७४७ विमानभन्दा दुई वटा मात्र इञ्जिन भएका एयरबसका किफायती मात्र होइन अधिक लाभ दिने साबित भए।

मालबाहक विमान कम्पनी एटलास एयरलाई विमान हस्तान्तरण गर्न बोइङको विशाल कारखाना परिसरमा आयोजित कार्यक्रममा विश्वका विभिन्न भागमा खटिएका बोइङका उच्च अधिकारी, बोइङका ७४७ विमान उडाएका कलाकार एवम् विमान चालक जोन ट्रोभोल्टा सहभागी थिए।

विमानको व्यापार गर्नेले लाभहानीको हिसाब गर्नु स्वाभाविक हो, यस्तो क्षण पनि कुनै दिन आउने छ भन्ने आशङ्का पनि गरिएको हुनुपर्छ, लामो समयदेखि नागरिक उड्डनको क्षेत्रमा काम गरेका रिचार्ड अबुलाफिया अब कसैले पनि चार इञ्जिन भएको विमान नचाहने वास्तविकता सुनाउँदै भन्नुभयो । बोइङको विरासत बलियो बनाउन जम्बो जेटले गरेको योगदान भने नमेटिने उहाँ बताउछन।

बोइङले ठूलो सैन्य यातायात सम्झौता गुमाएपछि ७४७ विमान निर्माणको थालनी गरेको हो । कम इन्धन जलाएर लामो समयसम्म उडान गर्न सक्ने उच्च 'बाइपास टर्बोफ्यान' इञ्जिनयुक्त विकसित विमान बनाएर मुनाफा कमाउने योजनामा उक्त कम्पनी क्रियाशील थियो । झण्डै १६ महिनामा ५० हजार कामदारले क्षेत्रफलका हिसाबले विश्वको सबैभन्दा ठूलो कारखानामा कठोर परिश्रमका साथ पहिलो ७४७ विमान बनाएका थिए । विमान निर्माण गर्ने कारखानाको भौतिक संरचना पूर्णरूपमा पूरा नहुँदै उनीहरूले बनाएको विमानलाई 'द इन्क्रेडिवल्स' उपनाम दिएका थिए।

बुधवार जम्बो जेट हस्तान्तरण समारोहमा सरिक हुनुभएका ९२ वर्षीय देसी इभान्सले सन् १९५७ मा सियाटलको दक्षिणी भाग रेन्टनमा रहेको बोइङको कारखानामा काम सुरु गरेका थिए। कम्पनीमा ३८ वर्ष सेवा गर्नुभएका उहाँलाई सन् १९६७ मा बोइङका प्रमुख कार्यकारी अधिकृतले भोलि बिहानदेखि एभरेटमा ७४७ विमान बनाउन सहभागी हुन निर्देशन दिनुभएको सम्झना सुनाए।

काममा गएपछि आफूलाई त्यहाँका प्रमुखले रबरको जुत्ता, किटको बलियो टोपी र बाक्ला लुगा लगाउन सुझाएका बताए । कारखाना निर्माणाधीन अवस्थाको उनको यो अनुभव थियो। पछि आफूलाई विमानको भित्री भाग कसरी स्थापना गरिन्छ, विभिन्न भागलाई 'सिल' गर्ने र रङरोगन गर्ने कामको निरीक्षण गर्ने जिम्मेवारी दिइएको जानकारी इभान्सले दिए ।

पहिलो ७४७ विमान तयार हुँदाको क्षणलाई अविश्वनीय समय मान्ने इभान्स अन्तिम विमान हस्तान्तरण भइरहँदा त्यसको अग्रभागमा हुनुहुन्थ्यो । ऐतिहासिक आजको क्षण अझ अविश्वनीय उहाँलाई लाग्यो । यद्यपि उनले निराश हुनुपर्ने कारण नभएको बताउँदै सबै हर्षित हुनुपर्नेमा जोड दिए। विमानको इन्धन राख्ने स्थान ६८.५ मिटर लामो थियो भने झण्डै छ तले भवनजत्तिकै अग्लो पृष्ठभाग थियो। ह्वेलमाछा झै विशाल यो विमानलाई आकाशकी रानी भनेर संसारले चिन्यो । केही विमान कम्पनीले यो विमानको एउटा भागलाई कक्टेल लाउञ्जमा परिणत गरेभने केहीले पियानो बार पनि बनाए। रमाइलो के छ भने सन् १९७६ मा सिङ्गापुर एयरलाइनसका लागिबनाइएको एउटा डिकमिसन ७४७ अहिले स्टकहोम विमानस्थल नजिक ३३ कोठे होटलमा परिणत भएको छ। यो संसारकै विशाल 'वाइड बडी'विमान थियो। धेरैभन्दा धेरै यात्री बोक्ने क्षमताको यो विमान कुनै समय यात्राको सारसमेत बन्यो तर सन् ७० को दशकमा हवाई यात्राको नियमनसँगै पर्याप्त यात्री नहुँदा र टिकटको मूल्य घटाउनुपर्ने बाध्यात्मक परिस्थितिका कारण धेरै विमान कम्पनीका निम्ति यो क्रमशः सेतो हात्तीमा परिणत भयो।

सन् १९७० मा न्युयोर्क-लण्डन पहिलो उडान गरेको जम्बो जेटले त्यसको तीन विश्वव्यापी रूपमा उत्पन्न इन्धन सङ्कटका कारण थप समस्या झेल्नुपऱ्यो । इन्धन सङ्कटले निम्त्याएको मन्दीसँगै कुनै समय एक लाख आठ हजार कामदारबाट शुरु भएको बोइङले आफ्ना कर्मचारी ३८ हजार छ सय नब्बेमा सीमित गऱ्यो । सन् ८० को उत्तरार्द्धमा परिष्कृत नयाँ मोडेल ७४७-४०० उत्पादन शुरु भयो । नब्बेको दशकको प्रारम्भमा एशियामा आएको आर्थिक वृद्धिले केही राहत भयो । कम खर्चमा यात्रा सहज भएपछि नयाँ विमान चढ्नेहरू पनि बढे।

लसएन्जलस-हङकङ उडानबाट यात्रा गर्नुभएका विश्लेषक अब्दुलाफिया उक्त विमानले हवाई यात्रामा क्रान्ति ल्याएको मान्नुहुन्छ। त्यसअघि त्यति लामो दूरी विश्रामबिना एकै उडानबाट असम्भव थियो-अर्थात् इन्धन भर्न कहीँ रोकिनुपर्थ्यो । र, टिकटको मूल्य पनि मनासिब थियो।

यात्रुबाहक उडानका निम्ति ७४७ विमान प्रयोग गर्ने अन्तिम एयरलाइन्स अमेरिकी विमान कम्पनी डेल्टा एयरलाइन्स बनेको छ । यद्यपि जर्मनीको लुफ्थान्सालगायत केही अन्तर ाष्ट्रिय विमान कम्पनीले यसलाई उडाइ रहेका छन्।

लुफ्थान्साका प्रमुख कार्यकारी अधिकृत कार्स्टेन स्पोहर केही दशकअघि विद्यार्थीका रूपमा सोही विमान चढेर युवा एक्सचेञ्ज कार्यक्रममा सहभागी हुन अमेरिका पुगेका थिए। यसपटक पनि उनी ७४७ विमानबाटै हस्तान्तरण समारोहमा भाग लिन आएका हुन । उनले धेरैभन्दा धेरै यात्रीलाई सोही विमानमार्फत सेवा दिने प्रतिबद्धता व्यक्त गरेका छन । हवाई जहाजको पर्याय नै बोइङ भएको उनको कथन छ। (रासस/ एपी)

# पदक विजेता खेलाडीलाई समस्या

महेन्द्रनगर, १८ माघ

चौधौँ दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग) मा स्वर्ण पदक विजेता कञ्चनपुरकी सङ्गीता धामी जागिरका लागि दौडधुपमा छन । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकुदमा प्रतिभावान् खेलाडीका रुपमा परिचय बनाएपछि उहाँको मुलुकभित्रै जागिर खाएर घरव्यवहार चलाउने सपना भने अझै पूरा हुनसकेको छैन।

केही समयअघि म्यादी प्रहरीमा भर्ना भएकी सङ्गीता अहिले पनि जागिरकै खोजीमा छन। कञ्चनपुरका कुस्ती प्रशिक्षक राजेन्द्र चन्द राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक विजेता यहाँका अधिकांश सिनियर खेलाडी जागिरको आसमा रहेको बताउछन । सङ्गीताजस्तै सबै खेलाडी जागिरकै खोजीमा हिँडेका छन्। उनी भन्छन डिप्लोमा कोर्स गरेका खेलाडी पनि खेलकुद क्षेत्रमै जागिर खुल्ला र प्रतिस्पर्धा गरौँला भनेर बसेका छन् । खेलकुदमा मेहनत गरेर मुलुकको नाउँसमेत चर्चामा ल्याउने खेलाडीको भविष्य भने अन्धकार जस्तै रहेको सिनियर खेलाडीको गुनासो छ । आठौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडी लक्ष्मी खत्रीले भारतको पटियालामा डिप्लोमा कोर्स गरेको तीन वर्ष भइसक्यो । खेलकुद क्षेत्रमा डिप्लोमा कोर्स गरेपछि जागिरका



लागि योग्य होइन्छ भन्थे । उनी भन्छन विज्ञापन खुल्ला र दिउँला भन्दै बसेपनि अहिलेसम्म केही सुरसार देखिँदैन्। खेलाडीले आफ्नो भविष्यका लागि भौतारिन पर्ने बाध्यता रहेसम्म मुलुकमा खेलकुदको विकास हुन नसक्ने लक्ष्मी बताउछन ।खेलकुद क्षेत्रमै विज्ञापन खुल्ला र दिउँला भनेर आशमा बसेको छु । उनी भन्छन ,यहाँ अवसर उपलब्ध नभए विदेशिनाको विकल्प छैन्। विभागीय टोलीमा खेलाडी आवद्ध भएर केही राहत भए पनि धेरै राम्रा खेलाडी भविष्य खोज्दै विदेशिएका र अरु पनि योग्यता पुगेका खेलाडी रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता छ । सन् २०२० मा डिप्लोमा कोर्स सक्नुभएकी खत्री एक वर्ष दुबई बसेर फर्केका हुन। त्यसैगरी नवौँ राष्ट्रिय र आठौँमा भारोत्तलनमा स्वर्ण जित्ने यहाँका दुई पुरुष खेलाडी पनि अष्ट्रेलिया पलायन हुने तयारीमा रहेको भारोत्तलन प्रशिक्षक जीवन गौतम बताउछन । विसं २०४० पछि फुटबल, भलिबललगायत खेलका खेलाडीलाई 'कर्पोरेट हाउस'मा जागिर दिइन्थ्यो । अहिले खेलाडीका लागि कुनैखाले अवसर नभएकाले आठौँ राष्ट्रिय खेलकुदमा स्वर्ण पदक विजेता अशोक भण्डारी र नवौँ राष्ट्रियमा स्वर्ण पदक विजेता विकास भट्ट पनि पलायन हुने अवस्थामा पुगेको उनी बताउछन । अर्का राष्ट्रियस्तरको पदक विजेता सुवास उपाध्याय जीम हाउस खोल्ने तयारीमा छन। प्रशिक्षक गौतम भन्छन खेलाडीले खेलकुदमा जति सफलता हासिल गरे पनि उनीहरुको भविष्यको बाटो तय गरिएन्।

यहाँस्थित जिल्ला खेलकुद विकास समितिका कार्यालयका प्रमुख गोपालदत्त भट्ट कञ्चनपुरले पाँच सय भन्दाबढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरिसके पनि खेलाडी अवसरको खोजीमा पलायन भएको बताउँदै क्षमतावान्, र प्रतिभावान् खेलाडीलाई मुलुकभित्रै रोजगारीको अवसर दिने वातावरण बनाउन पहल हुनुपर्नेमा जोड दिन्छन ।रासस

# शरणार्थीका लागि सहयोग माग

खार्तोम, १८ माघ

सुडानमा रहेका शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयोगले सहयोग माग गरेको छ । संयुक्त राष्ट्रसङ्घीय उच्च आयोगले विश्वका विभिन्न दाता तथा देशहरुसँग पनि सो सहयोगका लागि आग्रह गरेको हो।

सुडानमा शरणार्थीहरुको संख्या बढ्दै गएकाले उनीहरुलाई अत्यावश्यकीय सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय उच्च आयोगले विगतदेखि नै यस्तो सहयोगका लागि आग्रह गर्दै आएको थियो।

मङ्गलबार सो आयोगले विभिन्न ४१ वटा सङ्घसस्था तथा देशहरुलाई सुडानका शरणार्थीका लागि सहयोगको



आग्रह गरेको हो। हाल सुडानमा कम्तीमा पनि नौ लाख शरणार्थी रहेका र उनीहरुका लागि आवश्यक खाद्यान्न एवं अन्य सहयोग आवश्यक परेको बताइएको छ।

उक्त आयुक्तको कार्यालयले मङ्गलबार एक विज्ञप्ति प्रकाशन गरी सन् २०२३ का लागि आवश्यक आर्थिक सहयोग गर्न विश्वका विभिन्न देशलाई आग्रह गरेको हो।

सुडान अफ्रिकी देशमा शरणार्थीहरुलाई शरण दिइरहेको दोस्रो ठूलो मुलुक हो । त्यहाँ अहिले पनि नौ लाख भन्दा बढी शरणार्थी रहेका छन् । (रासस/सिन्ह्वा)

# किभमा युरोपेली सङ्घ शिखर सम्मेलन हुने

युक्रेन, १८ माघ

युक्रेनले यस हप्ता किभमा युरोपेली सङ्घसँग शिखर सम्मेलन गर्ने मङ्गलबार घोषणा गरेको छ । यो सम्मेलनले युद्धबाट पीडित राष्ट्रलाई ब्लकको सदस्यताको नजिक ल्याउने आशा व्यक्त गरेको छ । रुसले आक्रमण गरेको करिब एक वर्षपछि यो घोषणा आएको छ । राष्ट्रका नाममा आफ्नो साँझको सम्बोधनमा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले शुक्रबारको शिखर सम्मेलनले किभले लामो समयदेखि सामेल हुन खोजेको २७ सदस्यीय समूहसँग उच्च 'सहयोग र प्रगति' प्रतिबिम्बित गर्ने आशा व्यक्त गरेका छन । 'हामी युक्रेनको लागि समाचार पर्खिरहेका छौं,' जेलेन्स्कीले भन्नु भो, युक्रेनको राजधानीमा हुन लागेको शिखर सम्मेलनले साझेदार र शत्रु दुवैलाई शक्तिशाली संकेत दिएको प्रधानमन्त्री डेनिस स्मिगलले बताएका छन । भ्लादिमिर पुटिनले सीमा



पार गर्दै रुसी सेना पठाएको केही महिनापछि युक्रेनले गत वर्ष जुनमा ईयू उम्मेद्वारको हैसियत पाएको थियो । युरोपेली सङ्घको तर्फबाट शिखर सम्मेलनमा को-को सहभागी हुनेछन् भन्ने विवरण भने दिइएको छैन। (रासस/एएफपी)



# गहवामाई मन्दिर अगाडिको यातायात खुला गर्ने माग अदालतद्वारा खारेज

वीरगंज १८ माघ।
वीरगञ्जको ऐतिहासिक गहवामाई मन्दिर अगाडिको सडक यातायात संचालनका लागि खुला गर्ने माग सहित उच्च अदालत वीरगंजमा परेको रिट निवेदन अदालतले खारेज गरिदिएको छ।
उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले बीरगंजले रिट खारेज गर्दै महानगरपालिकाको पक्षमा आदेश दिएपछि गहवामाई मन्दिर अगाडि सवारी साधन आवतजावत गर्न पाउने नपाउने विवाद अब सधैको लागि अन्त्य भएको छ। न्यायाधिसद्वय अच्यूतप्राद भण्डारी र सुदर्शनदेव भट्टको इजलासले माइस्थान मन्दिर अगाडिको बाटो खुलाउन माग गर्दै परेको रिटमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो। महानगरले मन्दिर क्षेत्रमा गरेको सौन्दर्यकरणको



विरोध गर्दै रेवती प्रसाद साहले वीरगञ्ज महानगरपालिकालाई बिपक्षी बनाएर दिएको रिटमा अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो।
साहले गएको माघ १० गते निषेधाज्ञा आदेशको माग गर्दै उच्च अदालतमा रिट दायर गरेका थिए। दुबै पक्षको बहस पछि मंगलबार अदालतले महानगरको पक्षमा आदेश दिएको हो।
वीरगञ्ज महानगरपालिकाले माइस्थान मन्दिर क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्न सौन्दर्यकरणको काम गरिरहेको छ। महानगरले मन्दिर अगाडिको सडक तथा दायाँबायाँ सडकमा पेभर्स लगाउने काम सकेको छ भने विद्युतीकरण र गार्डेनिङको काम अघि बढाउन लागेको छ। नगर सौन्दर्यको बिरोध गर्नेहरुले काम हुन नदिन षड्यन्त्र गरे पनि अदालतले महानगरको पक्षमा आदेश दिएसँगै उनीहरुको षड्यन्त्र फेल भएको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह बताएका छन्।

### स्थानियको विरोधपछि महानगरपालिकाद्वारा

# प्रिपास्थित सडकको नामाकरण तथा अनावरण कार्यक्रम स्थगित

वीरगञ्ज, १८ माघ।
वीरगन्ज महानगरपालिकाले बुधबार एक सूचना जारी गर्दै महानगरपालिकाको वडा नम्बर १४ प्रिपा स्थित सडकको नामाकरण तथा अनावरण कार्यक्रम स्थगीत भएको जनाएको छ।
वीरगञ्ज महानगरपालिकाले पिप्रा स्थित नवनिर्मित लिंक रोडलाई महात्मा गान्धी मार्ग नामाकरणका लागि बिहीबार मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबाट संयुक्त रुपमा उद्घाटन तथा अनावरण गराउने कार्यक्रम तय गरेको थियो। तर बुधबार महानगनगरले एक सूचना जारी गर्दै सडक नामाकरण



अनावरण समारोह हालका लागि स्थगीत गरिएको जनाएको छ।
महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले जारी गरेको सूचनामा महानगर भित्रको ऐतिहासिक पिपरा क्षेत्रमा अवस्थित पशुपतिनाथ मन्दिर, पिपरा मठ र लक्ष्मणवा पार्कको सौन्दर्यकरण तथा संरक्षण गर्ने योजना अगाडि बढिरहेको सन्दर्भमा यस बारे अनेकथरीका दुष्प्रचार गर्ने प्रयास गरिएकोमा महानगरको गम्भिर ध्यानाकर्षण भएको उल्लेख छ।
माघ १९ गते बिहीबार वीरगनञ्ज १४ पिपरा क्षेत्रमा आयोजना हुने भनिएको सडक नामाकरण अनावरण कार्यक्रम हाललाई स्थगीत गरिएको सुचनामा जनाइएको छ।
वीरगञ्ज महानगरका मेयर राजेशमान सिंहले सडक अनावरण कार्यक्रमलाई दुष्प्रचार गरेर विवादीत बनाउन खोजिएपछि भारतीय राजदूतलाई बोलाएर विवादीत बनाउन उपयुक्त नदेखिएकाले हाललाई उक्त कार्यक्रम स्थगीत गरिएको जानकारी दिएका छन्।
सिंहले यस बारेमा सरोकारवालासंग परामर्श गरेर पुनः कार्यक्रम आयोजना गरिने समेत बताए।
यसैविच सडकको नामाकरणको विषयलाई लिएर सामाजिक संजाल लगायत विभन्न संचार माध्यममा सर्मथन र विरोधका सामाचार सार्वजनिक भएसँगै राजदुत नविन श्रीवास्तव विवादमा पर्ने देखेर कार्यक्रममा आफू उपस्थित हुन नसक्ने जनाएपछि महानगरपालिकाले कार्यक्रम स्थगित गरेको जनाईएको छ।

# धनुषामा सयभन्दा बढि मिटर ब्याजी पिडीतको समस्या समाधान

मधेशदृष्टि
जनकपुरधाम, १८ माघ।
धनुषामा मिटर व्याजीको समस्यामा परेर पिडीत भएका १ सय १० मिटर व्याजीको समस्या समाधान गरिएको छ। जिल्लामा मिटर व्याजीको समस्यामा परेका पीडितहरूले दिएको निवेदन माथि जिल्ला प्रशासन कार्यालयले छानविन समिति गठन गरि समस्या समाधान गर्दै गएको जनाईएको छ।
धनुषाका प्रमुख जिल्ला अधिकारी काशी राज अधिकारले छानबिनका लागि पाँच सदस्यीय समितिको निर्माण गरेर हालसम्म १ सय १० वटा समस्याको समाधान भएको जानकारि दिएका छन।
जिल्ला प्रशासन कार्यालयमा २ सय ९८ वटा मिटर व्याजी विरुद्ध उजुरी परेको छ। परेका उजुरी माथि छानविन गरेर पीडित तथा पिडक पक्षलाई बोलाएर छलफलपछि सहमति गराउने तथा पीडकले बनाएका कागज फाँड्न लगाउने काम भइरहेको प्रजिअ दाहालले जानकारी दिएका छन। उनका अनुसार दुवै पक्षलाई बोलाएर छलफल र सहमति गराउने काम भइरहेकाले समस्याको समाधान हुने गरेको छ।
उजुरीको आधारमा मिटर व्याजको आरोप लागेका ऋण दिने धनी तथा पीडितलाई बोलाएर छलफल गराउने काम जिल्ला प्रशासन कार्यालय धनुषाले नियमित रुपमा नै हुने गरेको छ। यसका लागि जिल्ला प्रशासन कार्यालय सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयका अन्य कर्मचारी तथा जिल्ला प्रहरी कार्यालयका प्रहरी कर्मचारी परिचालन गर्ने काम भएको जनाएको छ।
मिटर व्याजका कारणले कतिपयको उठीबासको अवस्था आएपछि नेपाल सरकारले छानविन समिति बनाएको र सो समितिले समस्या समाधानका लागि प्रतिवेदन दिएपछि अहिले जिल्ला जिल्लामा छानविन भइरहेको छ। मिल्न नसक्ने र धेरै जालसाजी गर्ने माथि कारबाही गर्ने पक्षमा जिल्ला प्रशासन कार्यालय धनुषा रहेको छ।
कतिपय मिटर व्याजीले उजुरी परेपछि आफै सहज रुपमा प्रस्तुत भएका छन् भने समस्या समाधानका लागि सहयोग गरेको मिटर व्याजको उजुरीको छानबिनमा खटिएका समितिका कर्मचारीहरूले जनाएको छ। धनुषा जिल्लामा साहु महाजनसँग ऋण लिएर वैदेशिक रोजगारी, उपचार तथा छोरीको विवाहमा खर्च गरेको पाइएको छ।

# आगामी वैशाख जेष्ठसम्म पुग्ने रासायनिक मल मौज्दात छ : कृषि मन्त्री साह

वीरगंज, १८ माघ।
कृषि तथा पशुपक्षीमन्त्री ज्वालाकुमारी साहले आगामी बैंशाख जेष्ठ सम्मका लागि किसानलाई आवश्यक पर्ने रासायनिक मल कृषि सामग्री कम्पनीसँग मौजुदा रहेको बताएकी छन्।
कृषि सामग्री कम्पनी लिमिटेड क्षेत्रिय कार्यालय वीरगंजमा बुधबार स्थलगत रुपमा निरिक्षण पछि संचारकर्मीहरुसँग संक्षिप्त कुरा गर्दै कृषि मन्त्री साहले मौजुदा मलले बैशाख ,जेठसम्म पुग्ने र आगामी धानबालीका लागि आवश्यक पर्ने मलको व्यवस्था गर्न अब तत्काल सरकार जुटने जानकारी दिइन ।
विगतमा धान तथा गहुँ खेती लगाउने बेला मलको अभाव हुने गरेको विषय अत्यन्तै दुःखद भएको बताउँदै असारमा चाहिने मलको खरिद प्रक्रिया अहिले नै तत्काल अगाडि बढाउन कृषि सामग्री कम्पनिलाई निर्देशन मन्त्रीले



निर्देशन दिएकी छन्।
कृषिमन्त्री साहले कृषि सामग्री कम्पनी सहित कृषिसंग सम्बद्ध कार्यालयहरुमा कर्मचारीको अभाव देशभरि नै रहेकाले उपलब्ध कर्मचारीकै सक्रियताले काम गर्न सुझाव दिइन।
कृषि समाग्री कम्पनी लिमिटेड वीरगन्जका क्षेत्रीय प्रमुख चन्द्र चौलागाईंले मलको आवश्यकता रहेकाले यसमा गम्भीर हुन उनको सुझाव छ।




# वीरगंजका जनप्रतिनिधिलाई अभिमुखिकरण तालिम

वीरगञ्ज, १८ माघ।
राष्ट्रिय भूमि आयोग पर्साद्वारा नगर क्षेत्रमा बसोवास गरेका भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने उद्देश्यले बुधबार वीरगञ्ज महानगरपालिकाका वडा अध्यक्ष तथा सचिवहरुलाई आयोजित अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।
आयोगले बुधबार वीरगंज महानगरपालिकाको वडा नम्वर १ देखि १६ सम्मका वडाध्यक्ष तथा सचिवहरुलाई प्रशिक्षण दिएको छ भने दोस्रो चरणमा बाँकी ३२ नम्वरसम्मका वडाध्यक्षलाई प्रशिक्षण दिने कार्यक्रम रहेको आयोग पर्साका अध्यक्ष तबरेज




अहमदले जानकारी दिए।
भूमिहिन, सुकुम्बासी, दलित एवं अव्यवस्थित बसोबासीहरुको पहिचान कसरी गर्ने, कसलाई भूमि उपलब्ध गराउने, सूचना कसरी संकलन गर्ने लगायतका बारेमा आयोग पर्साका अध्यक्ष तबरेज अहमदले जनप्रतिनिधि एवं कर्मचारीहरुलाई प्रशिक्षण दिएका हुन्।
अव्यवस्थित बसोवास तथा भूमिहिन सुकुम्वासी समस्या समाधान गर्न जनप्रतिनिधिको महत्वपूर्ण भूमिका रहेको हुँदा पहिलो चरणमा जनप्रतिनिधि र कर्मचारीलाई लक्षित गरी तालिम दिईएको अध्यक्ष अहमदले बताए। प्रशिक्षण कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले महानगरका हरेक वडामा वडास्तरीय समिति गठन भइसकेको भन्दै आयोगको निर्देशन बमोजिम जनप्रतिनिधिले आवश्यक प्रकृया अघि बढाउने बताए।
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको सभापतित्वमा सुरु भएको अभिमुखिकरण कार्यक्रममा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, आयोगका सदस्य सुरेन्द्र सिंह, हिमाल चन्द्र गौतम, हेम कुमारी भट्टराई, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु लगायतको सहभागिता रहेको थियो।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल